लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ८, अंक २९, २०८२ आषाढ (Year 8, Issue 29, Jun/July - 2025)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	उद्योगी तथा व्यवसायीहरुसँग अन्तर्क्रिया कार्यक्रम	३
२	सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ६२ औं प्रतिवेदन पेश	६
३	प्रदेशहरुको सातौं वार्षिक प्रतिवेदन पेश	१४
४	सार्वजनिक संस्थानका लेखापरीक्षकहरुसँग अन्तरक्रिया	२०
५	लेखापरीक्षण सल्लाहकार समितिको बैठक	२३
६	कार्यालयको ६७औं वार्षिक उत्सव	२५

वर्ष ८, अंक २९, २०८२ आषाढ (Year 8, Issue 29 Jun/July - 2025)

संरक्षक
माननीय महालेखापरीक्षक
श्री तोयम राया

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री दिपक आचार्य
श्री नारायण भट्टराई
श्री खगेन्द्र लम्साल

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००७
ईमेल : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा प्रचलित कानुन बमोजिम सबै सरकारी निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुने भनी संघीय कानुनबमोजिम तोकिएको संस्था वा निकायको लेखापरीक्षण गर्ने, सरकारको आंशिक स्वामित्व भएको संस्थाको लेखापरीक्षक नियुक्तिका लागि परामर्श दिने, बहुपक्षीय वा दुईपक्षीय सम्झौता अनुसार महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका आयोजनाको लेखापरीक्षण गर्ने लगायतका कार्य महालेखापरीक्षकको कार्यालयबाट हुँदै आएको छ।

महालेखापरीक्षकको कार्यालयबाट यो त्रैमासिक अवधिमा महत्वपूर्ण क्रियाकलापहरु सम्पन्न भएका छन्। कार्यालयले नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन पेस गरेको छ भने संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरेको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी सो प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरेको छ। यसै अवधिमा कार्यालयको ६७ औं वार्षिकोत्सव कार्यक्रम सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा विभिन्न अतिरिक्त क्रियाकलाप सहित सम्पन्न गरिएको छ। महालेखापरीक्षकको कार्यालयले आफ्नो कार्यसम्पादनमा निष्ठावान् रही, पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्दै आएको छ।

यसै अवधिमा कार्यालयको कामलाई दिशानिर्देश गर्ने महत्वपूर्ण दस्तावेज महालेखापरीक्षकको कार्यालयको पाँचौ रणनीतिक योजना (२०८२/-८३ २०८८७/६) माननीय महालेखापरीक्षकबाट स्वीकृत भएको छ। मिति २०८२।०१।०३ मा महालेखापरीक्षकको कार्यालय र उद्योगी तथा व्यवसायीका प्रतिनिधिहरूसँग र २०८२।०१।०५ मा नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघसँगका पदाधिकारी तथा प्रतिनिधिहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी सार्वजनिक संस्थानका लेखापरीक्षकहरुसँग महालेखापरीक्षकको कार्यालयमा मिति २०८२।०२।२६ मा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। यस्ता छलफल तथा अन्तरक्रियाले लेखापरीक्षण कार्यमा निखारता आउने अपेक्षा गर्न सकिन्छ। यसै अवधिमा मिति २०८२ असार १५ गते सम्माननीय सभामुख श्री देवराज

बाँकी पृष्ठ ४ मा

महालेखापरीक्षकज्यूको सन्देश

नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन पेस गरिसकिएको छ। नेपालको संविधानको धारा २९४(२) को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लेख भएका वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयहरू समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई अलग अलग परिच्छेदमा प्रस्तुत गरिएको छ। त्यसै गरी संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी सो प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। यस वार्षिक प्रतिवेदनका अलावा सारभूत विषय समेटी वार्षिक प्रतिवेदनको सारांश, इन्फोग्राफिक्स, कार्यमूलक र सङ्गठित संस्थाको लेखापरीक्षणको छुट्टाछुट्टै प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणबाट देखिएका बेहोरा सरोकारवालाहरुलाई सुसूचित गराउन एवं पारदर्शिता प्रवर्द्धन गर्न उल्लिखित प्रतिवेदनहरू कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ।

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गत सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको आर्थिक वर्ष २०८०।८१ र बक्यौतासमेतको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणलाई व्यवस्थित र दिशानिर्देश गर्न वार्षिक लेखापरीक्षण योजना र सोको आधारमा निकाय र कार्यालयगत लेखापरीक्षण योजना तयार गरी उक्त योजनाअनुसार लेखापरीक्षण ऐन, मानदण्ड, मार्गदर्शन एवं निर्देशिकाको पालना गरी लेखापरीक्षण सम्पन्न गरिएको छ।

वित्तीय लेखापरीक्षणका अतिरिक्त विषय छनोट गरी कार्यमूलक, वातावरणीय तथा सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्राप्त प्रतिक्रियासमेतबाट फर्स्यौट हुन नसकेका विषय विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। लेखापरीक्षण गुणस्तर कायम गर्न सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ्एम् रेडियो र कार्यालयको वेबसाइटमार्फत सूचना प्राप्ति तथा प्रसारण, लेखापरीक्षण प्रवेश र बहिर्गमन बैठकको

बाँकी पृष्ठ ४ मा

उद्योगी तथा व्यवसायीहरुसँग अन्तरक्रिया कार्यक्रम



छलफल चलिरहेको समयमा लिइएको सामूहिक तस्वीर।

३ वैशाख, २०८२

महालेखापरीक्षकको कार्यालय र उद्योगी तथा व्यवसायीका प्रतिनिधिहरूसँगको अन्तरक्रिया कार्यक्रम कार्यालयको सभाकक्षमा वैशाख ३ गते सम्पन्न भएको थियो। कार्यक्रममा महालेखापरीक्षकको कार्यालय र निजी क्षेत्रबिचको अन्तरसम्बन्ध र आगामी वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयमा छलफल भएको थियो।

कार्यक्रमको प्रारम्भमा कार्यालयका उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले कार्यालयको सामान्य परिचय दिँदै पहिलो चरणमा लेखपरीक्षण योजना बनाउँदा समावेश गर्नुपर्ने विषयमा छलफल भएको थियो भने यस चरणको कार्यक्रममा आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनलाई थप परिष्कृत बनाउन राजस्व असुली, पूर्वाधार निर्माण, भन्सार जाँचपास लगायत अन्य सम्बन्धित विषयमा छलफल हुनुपर्ने आवश्यकता ठानी यो कार्यक्रम राखिएको बताउनुभयो।

नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले कार्यालयको तर्फबाट प्रतुतीकरण गर्दै महलेखापरीक्षकको कार्यालयले नेपालको संविधानको धारा २४१ र २९४, लेखापरीक्षण ऐन, २०७५, आर्थिक कार्यविधि ऐन, २०७६ र नियमावली, २०७७ ले दिएको अधिकारभित्र रही आफ्नो कार्य सम्पादन गर्ने बताउनुभयो। साथै वहाँले लेखापरीक्षण गर्ने निकायहरुको अन्तर्राष्ट्रिय सङ्गठन INTOSAI र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन ASOSAI को गाइडलाईन समेत अवलम्बन गरी आफ्नो कार्यसम्पादन गर्ने कुरा प्रष्ट पार्दै लेखापरीक्षण प्रक्रिया, गुणस्तर व्यवस्थापन, बेरुजुको अवस्थाका साथै निजी क्षेत्रसँगको सम्बन्धका बारेमा समेत जानकारी गराउनुभएको थियो।

प्रस्तुतीकरण पश्चात् निजी क्षेत्रका तर्फबाट विभिन्न जिज्ञासा तथा सुझावहरु प्राप्त भएका थिए। यसै क्रममा नेपाल उद्योग परिसंघका प्रतिनिधि श्री राजेश कुमार अग्रवालले नेपालको अर्थतन्त्रका सूचकहरु सकारात्मक भए पनि अर्थतन्त्रले लय समात्न नसकेको बताउनुभयो। वैदेशिक मुद्राको सञ्चिति, बैंकहरुको न्यून ब्याजदर, ज्यालादर न्यून भएपनि सरकारी नीतिहरु बारम्बार परिवर्तन भइरहनु, निगरानी गर्ने निकायहरु बढी हुनु जस्ता कारणहरुले अर्थतन्त्रले गति लिन नसकेको धारणा राख्नुभयो। महालेखापरीक्षकको कार्यालय र निजी क्षेत्रबिच अप्रत्यक्ष तर महत्वपूर्ण सम्बन्ध रहेको बताउँदै लेखापरीक्षणका क्रममा निजी क्षेत्रको मर्मलाई समेत ध्यान दिन आग्रह गर्नुभयो। कार्यालय र व्यक्ति पिच्छे कानुनको फरक व्याख्याले निजी क्षेत्रलाई समस्या परेकोले कानुनको व्याख्यात्मक टिप्पणी पनि राख्नुपर्ने सुझाव दिनुभयो। बेरुजु फछ्यौंटमा कर्मचारी र निकायलाई पनि जिम्मेवर बनाउनुपर्ने ध्यान दिन आग्रह गर्नुभयो। उद्योग वाणिज्य महासंघका तर्फबाट शंका तथा द्विविधाका आधारमा निजी क्षेत्र निशानमा पर्ने, आर्थिक अवस्था कमजोर भएका व्यवसायीप्रति निकायहरु लचिलो नभएको, तीनै तहका सरकारले कर असुल्दा कारको बोझ बढी भएको विषयलाई समेत वहाँले उजागर गर्नुभएको थियो। यी विषयलाई केन्द्रविन्दुमा राखी महालेखापरीक्षक जस्तो संवैधानिक निकायले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। त्यसैगरी नेपाल निर्माण व्यवसायी महासंघको तर्फबाट निर्माणको काम गर्ने बेलामा एक कर्मचारी फछ्यौंट गर्ने बेलामा अर्के कर्मचारी हुने, अधिकांश म्याद थपको अवस्था पनि सरकारी निकायका कारण आउने भएकोले यस विषयमा पनि महालेखापरीक्षकको कार्यालयले ध्यानदिनुपर्ने कुरामा जोड दिनुभयो।

छलफलको क्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले करीब ७० प्रतिशत बेरुजु अप्रत्यक्ष रुपमा निजी क्षेत्रसँग जोडिएकोले यी विषयहरुमा महालेखापरीक्षकको कार्यालय सचेत रहेको बताउनुभयो। जिज्ञासा सम्बोधनकै क्रममा माननीय महालेपरीक्षकज्यूले महालेखपरीक्षकको कार्यालयले व्यवहारिक पक्ष भन्दा प्रचलित कानुनलाई आधार मानी आफ्नो कार्यसम्पादन गर्ने, प्रारम्भिक प्रतिवेदन जारी भएपछि ३५ दिन भित्रमा प्रतिक्रिया पठाउने समयावधि रहने, विशेष अनुरोधमा ३० दिनसम्म थप गर्नेसक्ने व्यवस्था रहेको र यस अवधिमा पनि कुनै प्रतिक्रिया नआएमा लेखापरीक्षण गरिएका निकायहरुले प्रतिवेदनमा उल्लेख भएका व्यहोरा स्वीकार गरेको मानिने लगायतका बेहोरा उल्लेख गर्नुभयो। साथै वहाँले कर र भन्सारको बेरुजुको सम्बन्धमा सीधै असुल गर्नुपर्ने नभनी छानबिन गरी निर्धारण गर्नुपर्ने बेहोरा उल्लेख गर्ने गरिए, भन्सारमा विलमा एउटा हार्मोनाइज्ड कोड तर प्रज्ञापनपत्रमा अर्के हुनेहुनाले पनि समस्या सिर्जना भएको, निगरानी गर्ने निकाय धेरै भएता पनि सबैले आ-आफ्नै कानुन अनुसार काम गरिरहेकाले समस्याको रुपमा लिन नहुने बताउनुभयो। एक अर्को फरक प्रसङ्गमा वहाँले तीनवटै तहको सरकारले लिने फरक-फरक करका सम्बन्धमा भने हरेक तहका सरकारको कानुनमा एकरुपता

नभएको, कतिपय कानुन परस्परमा बाझिएका, औद्योगिक ऐन र कर ऐनमा भएको छुट सम्बन्धमा फरक-फरक व्यवस्था, लगायतका विषयमा सम्बन्धित निकायमा विषय उठान गर्नुपर्ने र सोको सुधारको लागि महालेखापरीक्षकको कार्यालयको तर्फबाट पनि पहल गर्ने धारणा व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसंघ र नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारी तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

ICAN सँग अन्तरक्रिया कार्यक्रम

४ वैशाख, २०८२

माननीय महालेखापरीक्षकज्यूको समुपस्थितिमा मिति २०८२।१।४ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष तथा वर्तमान पदाधिकारीहरुसँग लेखापरीक्षणको गुणस्तर व्यवस्थापनमा लेखापरीक्षकहरुको भूमिका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रममा नेपालको अर्थतन्त्रको वर्तमान अवस्था, लेखापरीक्षण, वेरूजु तथा सम्परीक्षण लगायतका विषयमा छलफल भएको थियो।

उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले स्वागत् मन्तव्यका साथ कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। कार्यक्रममा नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले कार्यालयको तर्फबाट लेखापरीक्षणको संवैधानिक तथा कानुनी प्रावधान, लेखापरीक्षकको भूमिका, लेखापरीक्षकको आचारसंहिता, गुणस्तर परीक्षण, पेशागत क्षमता अभिवृद्धि लगायतका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो। प्रस्तुतीकरण पश्चात् संस्थाका पूर्व अध्यक्ष नरेन्द्र कुमार भट्टराई, वी.के. अग्रवाल, अरूण रावत, प्रकाश लम्साल, सुजन काफ्ले, लगायतले आफ्ना धारणा तथा सुझावहरु राख्नु भएको थियो।

कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षक श्री तोयम रायाले कार्यालयले गर्ने लेखापरीक्षणमा लेखापरीक्षकहरूको पेशागत ज्ञान, सिप र क्षमताले लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न ठूलो सहयोग पुर्‍याउने भएकोले सुझाव एवं जानकारी आदान-प्रदान गर्ने अपेक्षा सहित कार्यक्रम आयोजना गरिएको बताउनुभयो। कार्यालयको नीति, कार्यक्रम तथा गुणस्तर व्यवस्थापन सम्बन्धमा सरोकारवालालाई जानकारी गराउने र सरोकारवालाहरुको गुनासा तथा सुझाव समेतलाई मध्यनजर गरी आगामी आर्थिक वर्षको लेखापरीक्षण योजना तर्जुमा गर्ने उद्देश्य रहेको बेहोरा समेत अवगत गराउनु भयो। सोही क्रममा वहाँले यस प्रकारको कार्यक्रमले लेखापरीक्षकहरूमा आर्थिक अनुशासन, पारदर्शिता, जिम्मेवारी र जवाफदेहिता अभिबृद्धि गर्न सघाउ पुर्‍याउने विचार व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष तथा वर्तमान पदाधिकारी र कार्यालयको सार्वजनिक संस्थान महानिर्देशनालय एवं व्यवस्थापन महानिर्देशनालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

सम्पादकीय...

घिमिरेज्यूको प्रमुख आतिथ्यतामा महालेखापरीक्षकको कार्यालयको ६७ औं वार्षिक उत्सव कार्यक्रम सम्पन्न गरेको छ। यसबाट कार्यालयको सम्पूर्ण गतिविधि उजागर गर्न मद्दत पुगेको छ। सोही अवसरमा शून्य बेरुजु कायम गर्न सफल काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बालाई सम्मान गरिएको थियो। त्यसैगरी यस वर्षको लेखापरीक्षण अंकको तुलनामा सबैभन्दा न्यून बेरूजु देखिएको र कायम भएको बेरूजुको तुलनामा बढी बेरूजु फर्स्यौट गरी सम्परीक्षण गराउने सबै प्रदेशका एक/एक स्थानीय तहलाईसमेत प्रशंसा पत्र प्रदान गरिएको थियो। यस प्रकारको अभ्यासले अन्य कार्यालयहरुलाई आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न उत्प्रेरणा मिल्ने अपेक्षा गरिएको छ।

सन्देश...

अनिवार्यता लगायतका व्यवस्था गरिएको छ। यसै अवधिमा २०८२ असार १५ गते सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा महालेखापरीक्षकको कार्यालयको ६७ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमले यस कार्यालय र सरोकारवाला निकायहरुसँगको सम्बन्धमा प्रगाढता आई कार्यालयको गरिमा उँचो भएको महशुस गरेको छ। वार्षिकोत्सव कार्यक्रममा आयोजित विभिन्न क्रियाकलापले कर्मचारीहरु बीच भाइचाराको सम्बन्ध विकास भई सौहार्द्रपूर्ण कार्यवातावरण तयार गर्न मद्दत पुगेको विश्वास लिएको छु।

धन्यवाद !

नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घसँग अन्तरक्रिया

५ वैशाख, २०८२

२०८२ साल बैशाख ५ गते कार्यालयको सभाकक्षमा नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघसँगका पदाधिकारी तथा प्रतिनिधिहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा स्थानीय तहको वित्तीय व्यवस्थापन र बेरुजु न्यूनीकरण गर्ने उपायहरुका साथ आगामी प्रतिवेदनलाई वस्तुनिष्ठ बनाउन समावेश गर्नुपर्ने विषयहरु समेतमा छलफल भएको थियो।

नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले कार्यालयको तर्फबाट प्रस्तुतीकरण गर्नुहुँदै पालिका र महालेखापरीक्षकको अन्तरसम्बन्ध, पालिकामा देखिएका समग्र समस्याहरु, समस्या समाधानका उपायहरु र स्थानीय तहबाट यस कार्यालयले राखेको अपेक्षाका सम्बन्धमा प्रष्ट पार्नुभएको थियो। प्रस्तुतीकरणमा गुणस्तर व्यवस्थापन र सरोकारवालाको सहभागिताको लागि लेखापरीक्षण योजना तयारीका क्रममा सुझाव माग, कार्यतालिका सञ्चार, बहिर्गमन बैठक, गुणस्तर समीक्षा बैठक, प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रियाको लागि ३५ दिनको म्याद, राय सहितको प्रतिवेदन लगायतका विषय वस्तु समेटिएका थिए। यसै गरी स्थानीय तहको कानुन निर्माण र संविधानसँगको तादम्यता नहुनु, आन्तरिक आयमा न्यूनता, बक्यौता रकम समयमा असूल नहुनु, अनुदान फिर्ता नगर्नु, खरिद योजना नबनाउनु, डिपिआरमा बढी खर्च गर्नु, जटिल कार्यहरु पनि उपभोक्ता समिति मार्फत खरिद गर्न दिनु, विद्यालय-शिक्षक अनुपात नमिलाउनु जस्ता समस्या रहेको समेत उहाँले औंल्याउनु भएको थियो। त्यस्तै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा मात्र कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, स्थानीय योजना तर्जुमा र सञ्चालन प्रभावकारी बनाउनुपर्ने, लेखापरीणबाट औंल्याइका विषयलाई ध्यान दिनुपर्ने, हरेक पालिकाले लेखा समित गठन र सञ्चालनमा तदारुकता देखाउनुपर्ने लगायतका सुझावहरु समेत प्रस्तुतीकरणका क्रममा उहाँले कार्यालयको तर्फबाट राख्नुभयो।

छलफलको क्रममा गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेले आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा महालेखापरीक्षकको कार्यालयले अभिभावकीय भूमिका निर्वाह गरेको र यस कार्यालयको प्रतिवेदनले औंल्याएका विषयहरु स्थानीय तहको लागि मार्गदर्शनको रुपमा रहने गरेको बताउनुभयो। यसै क्रममा वहाँले स्थानीय तहहरु लोकतन्त्रका आधारस्तम्भ भएपनि अझैसम्म संस्थागत क्षमता विकास हुन नसक्नु, दक्ष र अनुभवी जनशक्तिको अभाव हुनु, बेरुजु सम्बन्धमा तालिमको अभाव जस्ता कारणले आर्थिक व्यवस्थापन प्रभावकारी हुन नसकेको बताउनुभयो। सुझाव दिने क्रममा आफ्नो स्रोतलाई कार्यविधि बनाएर खर्च गर्न पाउनुपर्ने, लेखापरीण गर्दा गहिरीएर हेर्नुपर्ने, बेरुजुमा एकरुपता कायम गर्नुपर्ने लगायतका सुझाव राख्नु भएको थियो।

नगरपालिका संघका महासचिव श्री नरुलाल चौधरीले स्थानीय तहले आवश्कता अनुसार करारमा शिक्षक तथा कर्मचारी नियुक्त गर्न पाउनुपर्ने, उपभोक्ता समिति मार्फत निर्माण हुने रु.१ करोडको सीमालाई हटाउनुका साथै यस्ता प्रकृतिका आयोजना निर्माणमा ठूला उपकरणहरुको प्रयोग गर्न पाउनुपर्ने धारणा राख्नु भएको थियो। अर्को प्रसङ्गमा वहाँले निर्माण कार्य सम्पन्न भएका कतिपय योजनाको भुक्तानीमा ढिलाई हुँदा पनि बेरुजु बढेको बताउनुभयो।

छलफलका क्रममा उठेका सवालहरुको सम्बोधन गर्दै माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालयले सदैव नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ लगायत अन्य प्रचलित कानुनले दिएको अधिकार भित्र रही कार्य गर्ने, लेखापरीक्षणको क्रममा यस कार्यालयले कसैसँग आग्रह तथा पूर्वाग्रह नराखी सम्बन्धित निकाय/कार्यालयले प्रचलित कानुनको पलाना गरे नगरेको विषयलाई प्रमुखताका साथ हेर्ने, त्यस्तै स्थानीय तहहरुले संघ तथा प्रदेशको कानुनसँग नबाझिने गरी कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने लगायतका विषय राख्नुभयो। यदि कुनै कानुनको प्रावधानले काम गर्न समस्या उत्पन्न भएमा सम्बन्धित निकायमा पहल गर्न समेत वहाँले अनुरोध गर्नुभयो। करारमा शिक्षक नियुक्ति गर्दा शिक्षक-विद्यार्थी अनुपातलाई ध्यान दिनुपर्ने, कम विद्यार्थी भएका विद्यालयहरु एक आपसमा गाभ्न सकिने, सार्वजनिक निर्माण गर्दा सार्वजनिक खरिद सम्बन्धी कानुनको पूर्ण पालना गर्नुपर्ने, बढी भुक्तानी गर्ननहुने, भ्रमण खर्च गर्दा दैनिक भ्रमण खर्च नियमावली, २०६४ ले तोकेको सीमालाई ख्याल गर्नुपर्ने बताउनुभयो। जवाफ दिने क्रममा स्थानीय तहहरु अझै संस्थागत हुननसकेको र संस्थागत हुँदै जाने क्रममा आर्थिक अनुशासन कायम हुने विश्वास समेत व्यक्त गर्नुभयो। स्थानीय तहरुको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश सुशासन केन्द्रमा कार्यक्रम राखिनुका साथै पालिकाको अनुरोधमा स्रोत साधनले भ्याएसम्म आवश्यकताअनुसार क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै लगिने कुरा राख्नुहुँदै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो।



अन्तरक्रियापश्चात लिइएको सामूहिक तस्वीर।

वर्ष ८, अंक २९, २०८२ आषाढ (Year 8, Issue 29 Jun/July - 2025)

सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदन पेश



सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

३१ वैशाख, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले मिति २०८२।०१।३१ मा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन, २०८२ राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक कार्यक्रमका बीच पेश गर्नुभयो।

प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण पश्चात् तयार भएको महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन, २०८२ पेश गरेकोमा महालेखापरीक्षकज्यू र लेखापरीक्षणमा संलग्न कार्यालका सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिनुभयो। सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले वित्तीय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा महालेखापरीक्षकको भूमिका महत्त्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो। साथै आगामी दिनमा आर्थिक प्रशासनलाई प्रभावकारी बनाई बेरुजु रकम तदारुकताका साथ फर्स्यौट हुनेछ भन्ने विश्वास समेत व्यक्त गर्नुभयो। त्यसैगरी सम्माननीय राष्ट्रपतिज्यूले सार्वजनिक निकायहरुमा बढ्दो बेरुजुलाई कम गर्दै लाने र आर्थिक कारोबारमा मितव्ययिता राख्ने कार्यमा महालेपरीक्षकको कार्यालयले खेलेको भूमिकाको सराहाना गर्दै कार्यालयले आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता, सदाचारिता र पारदर्शिता प्रवर्द्धनका साथै गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाहको लागि व्यावसायिक दक्षता अभिवृद्धि गर्दै अझै प्रभावकारी कदम चाल्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा वार्षिक प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराबारे माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भएको थियो। प्रतिवेदन पेश गर्दै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण व्यवस्थापन र वार्षिक प्रतिवेदन तयार गर्न अवलम्बन गरिएका विधि र प्रक्रियाको बारेमा उल्लेख गर्दै प्रतिवेदनले मुख्यतः बजेट व्यवस्थापन, वैदेशिक सहायता, राजस्व प्रशासन, योजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, अनुदान व्यवस्थापन र उपयोग, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, सूचना प्रविधिको उपयोगको अवस्था, सार्वजनिक संस्थान व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण एवं लेखापरीक्षण, नियमन व्यवस्था, संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय सरकारको वित्तीय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, संघीयता कार्यान्वयनका सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको मूल्याङ्कन एवं परीक्षण गरी देखिएका व्यहोराहरुका आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभयो।

वर्ष ८, अंक २९, २०८१ आषाढ (Year 8, Issue 29 Jun/July - 2025)



६२औं वार्षिक प्रतिवेदन पेश गरेपश्चात लिइएको सामूहिक तस्वीर।

महालेखापरीक्षकज्यूले वार्षिक प्रतिवेदन पेशका क्रममा दिनु भएको मन्तव्य

३१ वैशाख, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले मिति २०८२/०१/३१ मा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको बासट्ठ्यौं वार्षिक प्रतिवेदन, २०८२ राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक कार्यक्रमका बीच पेश गर्नुभयो। प्रतिवेदन पेश गर्ने क्रममा माननीय महालेखापरीक्षकज्युले दिनु भएको मन्तव्य:

सम्माननीय राष्ट्रपतिज्यू,

सम्माननीयज्यूका सल्लाहकारज्यूहरु,

राष्ट्रपति कार्यालयकासचिवज्यू, उपमहालेखापरीक्षज्यूहरु

राष्ट्रपति कार्यालय तथा महालेखापरीक्षकको कार्यालयका राष्ट्रसेवक कर्मचारीहरू,

उपस्थित सञ्चारकर्मीहरू,

महिला तथा सज्जनबृन्द,

नमस्कार ।

आज हामी नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकलाई सुम्पिएको काम कर्तव्य सम्पादन गरी संविधानको धारा २९४ बमोजिम सम्माननीयज्यू समक्ष महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन पेश गर्न उपस्थित भएका छौं।

सम्माननीय ज्यू,

विक्रम सम्वत् २०१६ साल आषाढ १५ गते संवैधानिक निकायको रूपमा सार्वजनिक स्रोत र साधनको परिचालन जवाफदेही पारदर्शी ढंगबाट भए नभएको बारे नियमितता, मितव्ययिता,कार्यदक्षता, प्रभावकारिता, र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्न र सोबाट देखिएका बेहोराहरु प्रतिवेदन गर्ने जिम्मेवारी तोकी महालेखापरीक्षकको विभागको रुपमा यस कार्यालयको स्थापना भएको थियो ।उक्त संवैधानिक व्यवस्था बमोजिम विक्रम सम्वत् २०२० सालमा तत्कालीन महालेखापरीक्षकबाट पहिलो पटक राष्ट्रप्रमुख समक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश भएको थियो ।

- नेपालको संविधानको धारा २९४(२) को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी मेरो कार्यकालको दोस्रो एवं समग्रमा ६२ औं वार्षिक प्रतिवेदन पेश गरेको छु।
- संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरिएको र उक्त प्रतिवेदनहरु माननीय प्रदेशप्रमुख समक्ष पेश गरिनेछ ।
- त्यसैगरी लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएपश्चात् सम्बन्धित स्थानीय तहलाई प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा अन्तिम प्रतिवेदन जारी गर्ने क्रममा रहेको छ ।

- यस वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएको प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई अलग अलग परिच्छेदमा प्रस्तुत गरेको छु।
- सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार गर्नुका साथै वार्षिक प्रतिवेदनको सारांश, इन्फोग्राफिक्स, कार्यमूलक र सङ्गठित संस्थाको लेखापरीक्षणको छुट्टाछुट्टै प्रतिवेदन कार्यालयको वेबसाइटमार्फत प्रकाशित गरिने छ ।

सम्माननीयज्यू,

अब म लेखापरीक्षण व्यवस्थापनको विषयमा केही बेहोरा संक्षिप्तमा प्रस्तुत गर्दछु ।

- आर्थिक वर्ष २०८०।८१ को कारोबारको लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन जोखिममा आधारित रही स्वीकृत गरिएको वार्षिक लेखापरीक्षण योजना, २०८१, तथा निकायगत एवं कार्यालयगत योजना समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।
- वार्षिक लेखापरीक्षण योजनाको अतिरिक्त वार्षिक लेखापरीक्षण नीति तथा कार्यतालिका तर्जुमा गरी सोको जानकारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुलाई गराइएको थियो । साथै नेपाल सरकारका मुख्य सचिव, सङ्घीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका लेखा उत्तरदायी अधिकृत तथा सुरक्षा निकायको प्रमुखको उपस्थितिमा उक्त नीति तथा कार्यतालिकाको सम्बन्धमा अन्तरक्रिया तथा छलफल समेत गरिएको थियो।
- प्रथम चरण अन्तर्गत २०८१ श्रावणको तेस्रो हप्तादेखि ४१ जिल्लाको संयुक्त लेखापरीक्षण टोलीबाट एवं ३६ जिल्लामा दोस्रो र तेस्रो चरणमा विभागगत तथा विशिष्टीकृत लेखापरीक्षण टोलीबाट लेखापरीक्षण गरिएको थियो ।
- नेपालको संविधान, लेखापरीक्षण ऐन र अन्य प्रचलित कानुनको अधीनमा रही अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम स्वीकृत नेपाल लेखापरीक्षणमान अनुसार यस अवधिमा ५ हजार ७५९ निकाय/कार्यालयको लेखापरीक्षण सम्पन्न भएको छ । सो मध्ये ३ हजार ७०२ कार्यालयको विस्तृत लेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।
- यस अवधिमा कार्यालयको जनशक्ति र कानुन बमोजिम प्रमाणपत्र प्राप्त पेशागत लेखापरीक्षकहरु नियुक्त गरी ४३ वटा पूर्ण सरकारी स्वामित्व भएको सङ्गठित संस्थाको बक्यौता समेत ४५ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भएको छ।
- नेपालको संविधान र लेखापरीक्षण ऐनको प्रावधान अनुरूप परामर्श उपलब्ध गराइ नियुक्त लेखापरीक्षकबाट ४२ वटा अधिकांश सरकारी स्वामित्व भएका सङ्गठित संस्थाहरुको ४७ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी पेश भएको लेखापरीक्षण प्रतिवेदनका बेहोरा सम्बन्धमा सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिइएको छ ।
- सोका अलावा यो वर्ष ११ विषयमा कार्यमूलक, १ विषयको सूचना प्रविधि, १ विषयको वातावरणीय र २ विषयको विशेष लेखापरीक्षण गरिएको छ ।

कार्यमूलक लेखापरीक्षण तर्फः

१. खनिज अन्वेषण उत्खनन् स्थिति,
२. विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति,
३. शीत भण्डार व्यवस्थापन कार्यक्रम,
४.लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति,
५. हुलाकी राजमार्ग निर्माण अवस्था
६. स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था
७. विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन
८. कृषि तथा पशुबीमा कार्यक्रमको प्रभावकारिता,
९. सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति,
१०. लाइभस्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता
११. काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन

सूचना प्रविधि लेखापरीक्षण तर्फः

१२ वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली

वातावरणीय लेखापरीक्षण तर्फः

१३ नेपालमा औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन

विशेष लेखापरीक्षण तर्फः

१४ गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार

१५ अर्थतन्त्रको अवस्था

- यस प्रतिवेदन तयार गर्न कार्यालयबाट ३ चरणमा लेखापरीक्षणको लागि खटिएको टोलीबाट प्राप्त बेहोरा, सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव, तीनै तहका सरकारका पदाधिकारीहरूसँगको छलफल, कार्यालयको रणनीतिक योजना तथा समकक्षी पुनरावलोकन प्रतिवेदनले दिएको सुझावलाई मध्यनजर गरी यो प्रतिवेदन तयार गरिएको छ ।

सम्माननीयज्यू,

अब म लेखापरीक्षणको पारदर्शिता र गुणस्तर सुनिश्चित गर्न भएका केही पहलहरु उल्लेख गर्न चाहन्छुः

विभिन्न चरणमा लेखापरीक्षणको लागि स्थलगतरुपमा टोली खटिएको सम्बन्धमा कार्यालयको वेवसाईट र देशभरका २०० भन्दा बढी एफ. एम. रेडियोबाट सूचित गराईएको र सार्वजनिक स्रोत साधानको प्राप्ति,उपयोग तथा सोबाट प्राप्त उपलब्धिको परीक्षण गर्न सघाउ पुग्ने सूचना, जानकारी, विवरण वा प्रमाण लेखापरीक्षण टोलीलाई उपलब्ध गराउन अनुरोध गरिएको थियो।

- लेखापरीक्षणको स्वतन्त्रता, निष्पक्षता, बस्तुपरकता कायम गर्दै गुणस्तरीय लेखापरीक्षण कार्य भएको सुनिश्चित गर्न लेखापरीक्षणको विधि, प्रक्रिया र प्रतिवेदन व्यवस्थामा गर्नुपर्ने सुधार वा लेखापरीक्षण टोलीको कार्यको सन्दर्भमा कुनै सुझाव तथा गुनासो भएमा कार्यालयको टोल फ्री नम्बरमा रेकर्ड गराउन वा म आफैले मात्र प्राप्त गर्ने गरी इमेल मा पठाउन सक्ने व्यवस्था मिलाएको थिँए।

- लेखापरीक्षण कार्यलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने उद्देश्यले यो वर्ष सरोकारवालाहरुसँग तीन चरणको स्थलगत लेखापरीक्षण अवधिमा ४ पटक भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा १ हजार १६६ जनाको सहभागिता रहेको थियो ।

सम्माननीयज्यू

- नेपाल नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घसँगको सहकार्य र समन्वयमा बाँके,कैलाली, सुर्खेत, कास्की, डोल्पा, मुगु, हुम्ला, रौतहट लगायतको जिल्लामा लेखापरीक्षण व्यवस्थापन, बेरूजु तथा सम्परीक्षण लगायतको विषयमा छलफल अन्तरक्रियामा सहभागी भई प्रबोधीकरण कार्य गरिएको छ ।

- सङ्घीय सरकारी निकायहरुका अतिरिक्त ७ वटै प्रदेशका प्रदेश सरकार, प्रदेश सभा, सार्वजनिक लेखासमितिका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षण वेरूजु व्यवस्थापन तथा सम्परीक्षण लगायतका विषयमा छलफल तथा अन्तरक्रिया गरिएको छ ।
- सङ्घीय र प्रदेश सरकारका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर हुने छलफलमा कार्यालयकोतर्फबाट नियमित सहभागी हुने गरिएको छ।
- नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ, लगायतका व्यावसायिक सस्था, नेपाल चार्टर्ड एकाउन्टेट्स संस्था लगायतका पेशागत संस्था एवं नेपाल नगरपालिका सङ्घ, गाउपालिका राष्ट्रिय महासङ्घका प्रतिनिधिहरूसँग लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धि सम्बन्धमा छलफल तथा अन्तरक्रिया समेत यस अवधिमा गरिएको छ ।

सम्माननीयज्यू,

यो कार्यालय सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरुमा सक्रिय रूपमा सहभागी हुँदै आएको छ।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाई) को लेखापरीक्षणमान विकास सम्बन्धी कार्य गर्ने Forum for INTOSAI Professional Pronouncement, Follow up Working Group, Taskforce on Citizen Participation लगायतका संयन्त्रमा कार्यालयको सहभागिता रहेको छ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संस्था इन्टोसाईको क्षमता विकास सम्बन्धी संस्था आइडिआईले सञ्चालन गरेको Leveraging with Technology , ICT Governance for Supreme Audit Institution, Equal Future Audit, Professional Education for SAI Auditors, Sustainable Performance Audit Practice in Asia and Pacific लगायतका संस्थागत क्षमता अभिवृद्धि कार्यक्रममा सहभागिता रहेको छ।
- भारतको नयाँदिल्लीमा भएको सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठनको १६ औं महासभामा मेरो नेतृत्वमा सहभागी भई एसोसाईको गर्भनिङ्ग बोर्ड सदस्यको निर्वाचनमा समेत सहभागी भएका थियौं ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठनको क्षमता अभिबृद्धि सम्बन्धी वर्कसप, सेमिनार र अन्य विषय वस्तु केन्द्रित कार्यक्रममा कार्यालयबाट स्रोत व्यक्ति उपलब्ध गराउनु साथै कर्मचारीको समेत उपस्थिति हुने गरेको छ। द्विपक्षीय आपसी सहयोग आदान प्रदान कार्यक्रम अन्तर्गत भारत, चीन, संयुक्त राज्य अमेरिका लगायतका देशका क्षमता विकास सम्बन्धी कार्यक्रममा सहभागिता जनाइएको छ।

सम्माननीयज्यू,

अब म यस प्रतिवेदनमा समावेश भएका प्रमुख विषयवस्तुहरु यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु :

१. समष्टिगत लेखापरीक्षण

- यो वर्ष ५ हजार ७५९ कार्यालयको रू.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्येः
- सङ्घीय मन्त्रालय तथा निकायतर्फ ३ हजार ९३ कार्यालयको रू.३१ खर्ब ६ अर्ब १६ करोड,
- प्रदेश मन्त्रालय तथा निकायतर्फ १ हजार १६५ कार्यालयको रू.३ खर्ब ८ अर्ब ५६ करोड,
- स्थानीय तहतर्फ ८ बक्यौता समेत गरी ७६१ को रू.११ खर्ब १८ अर्ब ४६ करोड
- समिति र अन्य संस्थातर्फ प्रदेशतर्फका १२५ समेत ६९५ संस्थाको रू.५ खर्ब २२अर्ब १३ करोड,
- सङ्गठित संस्थातर्फ बक्यौता २ समेत ४३ संस्थाको रू. ४४ खर्ब ७ अर्ब ४ करोड रहेको छ।
-

२. आ.व. २०८०/८१ को बेरुजु

- यो वर्ष लेखापरीक्षणबाट कुल बेरुजु रू.९१ अर्ब ५९ करोड ७९ लाख कायम भएको छ । सो मध्ये:
- सङ्घीय सरकारी कार्यालयको रु.४७ अर्ब ७४ करोड ३० लाख
- प्रदेश सरकारी कार्यालयको रु.४ अर्ब २० करोड
- स्थानीय तहको रु.२५ अर्ब ३२ करोड ४२ लाख
- समिति तथा अन्य संस्थाको रु.१४ अर्ब ३३ करोड ७ लाख रहेको छ ।
- लेखापरीक्षणबाट कुल बेरुजु दफा सङ्ख्या १ लाख ६९ हजार ५५६ देखिएको मध्ये ७९ हजार ७८९ दफा सैद्धान्तिक र ८९ हजार ७६७ दफा लगतमा रहेका छन्।

(रु. लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	१८३३२४	७६८५	३५०११	७५२३१	३०१२५१	३२.८९
२. नियमित गर्नुपर्ने	२७९२८६	२८०५५	१९३९८२	५९९१९	५६१२४२	६१.२७
२.१ अनियमित भएको	१९२९३	९१३८	९७१७५	२५५०६	१५१११२	१६.५०
२.२ प्रमाण कागज पेस नभएको	२५९९८६	१८९१३	९६५०४	३४०७५	४०९४७८	४४.७०
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	७	४	३०३	३३८	६५२	०.०७
३. पेस्की	१४८२०	६२६०	२४२४९	८१५७	५३४८६	५.८४
जम्मा बेरुजु	४७७४३०	४२०००	२५३२४२	१४३३०७	९१५९७९	१००.००

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

३. लेखापरीक्षण र बेरुजु अङ्क

• समष्टिगत बेरुजु

(रु. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३समेत)	३०९३	३१०६१५७६	४७७४३०	१.५४
२. प्रदेश मन्त्रालय तथा निकाय	११६५	३०८५६११	४२०००	१.३६
३. स्थानीय तह (बक्यौता ८ समेत)	७६१	१११८४६३०	२५३२४२	२.२६
४. समिति र अन्य संस्था(प्रदेशतर्फ १२५ समेत)	६९५	५२२१३९१	१४३३०७	२.७४
जम्मा	५७१४	५०५५३२०८	९१५९७९	१.८१
५. सङ्गठित संस्था	४५	४४०७०४७३	-	-
कुल जम्मा	५७५९	९४६२३६८१	९१५९७९	

• प्रदेशगत बेरुजु

(रू. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	२०१	५१४१६९१५	८६८१८९	७६४५४०	१.६९	१.४९
मधेश	१५९	५६०६३०२०	११६३८०२	९६७७८८	२.०७	१.७३

प्रदेश	लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
बागमती	२१४	८२८२३५८१	८५१७८२	७४०८७२	१.०३	०.८९
गण्डकी	२०३	४५२४२४६१	५१९८३३	४५००८४	१.१५	०.९९
लुम्बिनी	२११	५४१६०४४४	६५८२१६	६०९४५६	१.२२	१.१३
कर्णाली	१४०	३७५८६६९९	४५९४८२	३५८४३७	१.२२	०.९५
सुदूरपश्चिम	१६२	३५६२५९७७	५००६९३	४८०६९९	१.४१	१.३५
जम्मा	१२९०	३६२९१९०९७	५०२१९९७	४३७१८७६	१.३७	१.२०

४. अद्यावधिक बेरुजु

- सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.७ खर्ब ३३ अर्ब १९ करोड रहेको छ। सो मध्यः
- सङ्घीय सरकारी कार्यालयहरुको रु.३ खर्ब ७५ अर्ब ४७ करोड
- प्रदेश सरकारी कार्यालयहरूको रु.३० अर्ब ४८ करोड
- स्थानीय तहको रु.२ खर्ब ९ अर्ब २९ करोड
- समिति र अन्य संस्था (प्रदेश समेत) को रु.१ खर्ब १७ अर्ब ९५ करोड रहेको छ ।
- अद्यावधिक बेरुजु गत वर्ष भन्दा ९.४५ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
समिति र अन्य संस्था (प्रदेश समेत)	१०५२६८१	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	६६९८६३९	२३१	२८२९४०	६४१५९३०	९१५९७९	७३३१९०९

५. कारबाही टुङ्गो लगाउनुपर्ने रकम - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाहीटुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.५ खर्ब ५१ अर्ब १ करोड ७८ लाख रहेको छ।

(रु. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	९८७५५	(११६२१)	८७१३४
२	राजस्व बक्यौता	४३५४२८२	३६९२१०	४७२३४९३
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१६०९४५	(९८४३४)	६२५११
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	५५९३४	८७३६९	१४३३०३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४६४१२७	२९६१०	४९३७३७
जम्मा		५१३४०४३	३७६१३४	५५१०१७८

६. बेरुजु सम्परीक्षण

- यो वर्ष रु.२८ अर्ब २९ करोड ४० लाख बेरुजु सम्परीक्षण भएको छ । सो मध्यः
- सङ्घीय सरकारी कार्यालयहरुको रु. १४ अर्ब ९३ करोड ९६ लाख
- प्रदेश सरकारी कार्यालयहरुको रु.२ अर्ब १८ करोड ६५ लाख
- स्थानीय तहको रु.९ अर्ब ५० करोड १६ लाख
- समिति र अन्य संस्था(प्रदेश समेत) कोरु.१ अर्ब ६६ करोड ६३ लाख रहेको छ ।

७. लेखापरीक्षणको प्रभाव

- यो वर्षको लेखापरीक्षण तथा सम्परीक्षणबाट निम्नानुसार बाट कुल रू.१४ अर्ब ४८ करोड ४१ लाख असुल भई सम्बन्धीत राजस्व खातामा जम्मा भएको छ । सो मध्येः
- लेखापरीक्षणको क्रममा रू.१ अर्ब ३ करोड ७२ लाख,
- प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.१ अर्ब ३ करोड ५४ लाख
- सम्परीक्षणको क्रममा रु. १२अर्ब ४१ करोड १५ लाख असुली भएको छ।

(रु. लाखमा)

क्र.सं	विवरण	लेखापरीक्षणको क्रममा असुली	प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली	सम्परीक्षणको क्रममा असुली	जम्मा असुली
१	सङ्घीय कार्यालयहरू	४५१७	४८५३	१०९७४१	११९१११
२	प्रदेश कार्यालयहरू	४६४	७८०	३७७२	५०१६
३	स्थानीय तह	५३९१	४७२१	७६३१	१७७४४
४	समिति र अन्य संस्था	-	-	-	२९७०
	कुल जम्मा	१०३७२	१०३५४	१२११४४	१४४८४१

८. लेखापरीक्षणको दृष्टिमा वित्तीय उत्तरदायित्व

यो वर्ष कार्यालयको लेखापरीक्षणबाट देखिएका समग्र बेहोराहरुका अनुसार लेखापरीक्षणको दृष्टिमा उत्तरदायित्वको अवस्थालाई शासकीय प्रबन्ध,अर्थतन्त्र, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन, विकाश व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासन समूहमा राखी विश्लेषण गरिएको छ ।

सम्माननीयज्यू,

- लेखापरीक्षणलाई गुणस्तरीय, विश्वसनीय बनाउँदै सार्वजनिक हित प्रवर्धन गर्न लेखापरीक्षणका विधि र प्रकृयामा निरन्तर सुधार गर्दै आएका छौं ।यसै क्रममा कार्यालयको सङ्गठनात्मक संरचनामा सुधार गर्न प्रदेशस्तरमा समेत कार्यालय रहनेगरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरि स्वीकृतिको लागि पेश भएको छ ।
- त्यसैगरी आगामी आ.व.देखि लागु गर्नेगरी महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना २०२५-२०३० तर्जुमा गरी स्वीकृतिको चरणमा रहेको छ ।
- महालेखापरीक्षकको वार्षिक एवं अन्य प्रतिवेदनको कार्यान्वयनबाट सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धन हुने विश्वास लिएको छु । यद्यपि प्रतिवेदनमा उल्लिखित बेहोरा तथा सुझावहरूको अपेक्षित कार्यान्वयन नहुँदा सोही प्रकृतिका बेहोराहरूको पुनरावृत्ति भइरहेको छ । तसर्थ प्रतिवेदनहरू यथासमयमा सङ्घीय संसद, प्रदेश सभा र गाउँ/नगरसभामा पेस भई सोको कार्यान्वयनको प्रत्याभूति हुने अपेक्षा समेत गरेको छु।
- लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक पर्ने वित्तीय तथा सङ्गठनात्मक स्वायत्तता समेत आवश्यक पर्ने हुँदा सोका लागि सङ्घीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त भइ रहेको छ। आगामी दिनमा समेत यसको निरन्तरता हुने विस्वास लिएको छु।

अन्तमा,

कार्यसम्पादनको क्रममा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू,राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलगायतबाट प्राप्त मार्गदर्शन,सङ्घीय संसद,प्रदेश सभा,संवैधानिक निकाय,सबै तहका सरकार,सार्वजनिक संस्था,लेखापरीक्षण सल्लाहकार समिति,विकास साझेदार,नागरिक समाज,सञ्चारकर्मी,आम नागरिकबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु।

सम्माननीयज्यू समक्ष यो प्रतिवेदन पेश गर्न सहजीकरण तथा व्यवस्थापन गरिदिनु भएकोमा सम्माननीयज्यूको कार्यालयको सल्लाहकारज्यूहरू, सचिवज्यू तथा कर्मचारी परिवार, सञ्चारकर्मी तथा महालेखापरीक्षकको कार्यालयका सबै कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद !

बासट्ठिऔं वार्षिक प्रतिवेदन पेश पश्चात् पत्रकार सम्मेलन

वैशाख ३१, २०८२

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी बासट्ठिऔं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गरे पश्चात् २०८२।०१।३१ गते अपराह्न ४ बजे पत्रकार सम्मेलनको आयोजना गरिएको थियो।

कार्यालयको तर्फबाट उक्त कार्यक्रमको प्रारम्भ गर्दै यस कार्यालयका प्रवक्ता एवं नायब महालेखापरीक्षक श्री श्रीकुमार राईले वार्षिक प्रतिवेदन सम्बन्धी संक्षिप्त रुपमा प्रस्तुतीकरण गर्नुभएको थियो। प्रस्तुतीकरणका क्रममा वर्ष २०८०।८१ को कारोबारको लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन जोखिममा आधारित रही स्वीकृत गरिएको वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको, लेखापरीक्षणको प्रथम चरण अन्तर्गत २०८१ श्रावणको तेस्रो हप्तादेखि ४१ जिल्लाको संयुक्त लेखापरीक्षण शुरू गरी बाँकी ३६ जिल्लामा दोस्रो र तेस्रो चरणमा विभागगत तथा विशिष्टीकृत लेखापरीक्षण टोलीबाट लेखापरीक्षण कार्य सम्पादन गरिएको वहाँले बताउनुभयो।

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनको अधीनमा रही अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम स्वीकृत नेपाल लेखापरीक्षणमान अनुसार यस अवधिमा ५ हजार ७५९ निकाय/कार्यालयको लेखापरीक्षण सम्पन्न भएको र सो मध्ये ३ हजार ७०२ कार्यालयको विस्तृत लेखापरीक्षण विधिबाट लेखापरीक्षण गरिएको समेत बताउनुभयो।

यस अवधिमा कार्यालयको जनशक्ति उपलब्धता र कानुन बमोजिम प्रमाणपत्र प्राप्त पेशागत लेखापरीक्षकहरु नियुक्त गरी ४३ वटा पूर्ण सरकारी स्वामित्व भएको सङ्गठित संस्थाको बक्यौता समेत ४५ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरिएको, नेपालको संविधान र लेखापरीक्षण ऐन २०७५ को प्रावधान अनुरूप परामर्श उपलब्ध गराई नियुक्त लेखापरीक्षकबाट ४२ वटा अधिकांश सरकारी स्वामित्व भएका सङ्गठित संस्थाहरुको ४७ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी पेश भएको लेखापरीक्षण प्रतिवेदनका बेहोरा सम्बन्धमा आवश्यक निर्देशन दिइएको साथै यो वर्ष ११ विषयमा कार्यमूलक, १ विषयको सूचना प्रविधि, १ विषयको वातावरणीय र २ विषयको विशेष लेखापरीक्षण गरिएको बेहोरा समेत जानकारी गराउनु भएको थियो।

कार्यालयबाट ३ चरणमा लेखापरीक्षणको लागि खटिएको टोलीबाट प्राप्त बेहोरा, सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव, तीनै तहका सरकारका पदाधिकारीहरूसँगको छलफल, कार्यालयको रणनीतिक योजना तथा समकक्षी पुनरावलोकन प्रतिवेदनले दिएका सुझावलाई मध्यनजर गरी वार्षिक प्रतिवेदन तयार गरिएको समेत उपस्थित सञ्चारकर्मीलाई जानकारी गराउनु भयो।

प्रस्तुतीकरण पश्चात् विभिन्न सञ्चारकर्मीहरुले राखेका जिज्ञासाहरुको सम्बोधन गर्दै माननीय महालेखापरीक्षकज्यूले कार्यक्रमको समापन गर्नुभएको थियो। उक्त कार्यक्रममा नेपाल टेलिभिजन, रेडियो नेपाल, कान्तिपुर, नयाँ पत्रिका, अन्नपूर्ण पोष्ट, नेपाल समचार पत्र लगायतका ३५ भन्दा बढी सञ्चारकर्मी तथा यस कार्यालयका उच्चपदस्थ र अन्य केही कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

सुशासन र राजस्व वृद्धिका उपायहरु विषयक कार्यक्रम

२३ जेष्ठ, २०८२

माननीय महालेखापरीक्षकज्यूको प्रमुख आतिथ्यतामा २०८२ जेष्ठ २३ मा तराई विकास तथा सञ्चार केन्द्र नेपालले सुशासन र राजस्व वृद्धिका उपायहरु विषयक कार्यक्रम अनामनगर, काठमाडौंमा सम्पन्न गरिएको थियो।

उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले सुशासन र राजस्व वृद्धिका उपायहरुको सम्बन्धमा कार्यालयबाट औंल्याइका बेहोरा तथा सुझावहरु सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो।

माननीय महालेखापरीक्षकज्यूले कार्यक्रममा प्रमुख अतिथिको रुपमा आफ्नो मन्तव्य राख्दै विगतका कुनै वर्ष राजस्व लक्ष्यको तुलनामा ३५ प्रतिशत बढीसम्म हासिल भएको तथा केही समयसम्म वार्षिक २१/२२ प्रतिशतका दरले अभिवृद्धि भएको बताउनु भयो। पछिल्ला वर्षहरुमा राजस्व संकलको अवस्था सन्तोषजनक नरहेको उल्लेख गर्दै राजस्व वृद्धिमा देखिएका कमजोरीहरू तथा सुधारको उपायहरु हालै पेश गरिएको महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदनमा समावेश गरिएको समेत वहाँले उल्लेख गर्नुभयो। राजस्व प्रणालीको सुधार, जनशक्तिको क्षमता अभिवृद्धि, करपरीक्षण तथा अनुसन्धानमा छनौट गरिएका फाइल समयमानै टुङ्ग्याउने, सरकारी कार्यालयहरू तथा कर्मचारीहरूको आर्थिक वर्ष समाप्त भएपछि कर चुक्ताको प्रमाण पत्र प्रणालीबाट नै पठाउने, कार्यसम्पादनको आधारमा कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने, भन्सारका महसुलको दरबन्दीलाई आर्थिक ऐन भन्दा सम्बन्धित कानुन तर्जुमा गरी कार्यान्वयनमा लैजाने, लगानीकर्ताको मनोबल बृद्धि हुने गरी समग्र राजस्व प्रणालीमा सुधार गरी राजस्व प्रशासनमा विश्वास अभिवृद्धि गर्ने, राजस्व प्रशासनमा कामगर्ने नेतृत्व बर्गका कर्मचारीहरूलाई कम्तिमा २ वर्ष सरूवा नगर्ने पद्धतिको विकासले सुशासन र राजस्व वृद्धिमा उल्लेख्य सुधार हुने विचार व्यक्त गर्दै कार्यक्रम आयोजकलाई धन्यवाद दिनुभयो।

सो अवसरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, मध्यमस्तरीय करदाता कार्यालय, नेपाल प्रहरी, राष्ट्रिय सतर्कता केन्द्र, महालेखापरीक्षकको कार्यालय लगायतका पदाधिकारी तथा कर्मचारी एवं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

प्रदेशहरुको सातौं वार्षिक प्रतिवेदन पेश

१-२ ज्येष्ठ, २०८२

नेपालको संविधानको धारा २९३ बमोजिम महालेखापरीक्षकको कार्यालयले सातवटै प्रदेशको आर्थिक वर्ष २०८०।८१ को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी विभिन्न मितिमा सम्बन्धित प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गरेको छ। कोशी र सुदूरपश्चिम प्रदेशको प्रतिवेदन माननीय महालेखापरीक्षक स्वयं उपस्थित भई पेश गर्नुभएको थियो। त्यस्तै महालेखापरीक्षकज्यूको प्रतिनिधित्व गर्दै गण्डकी प्रदेशको प्रतिवेदन उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी र मधेश, बागमती, लुम्बिनी, र कर्णाली प्रदेशको प्रतिवेदन सम्बन्धित प्रदेशका नायब महालेखापरीक्षकहरुले पेश गर्नु भएको थियो। प्रतिवेदन पेश सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

कोशी प्रदेशः

माननीय महालेखापरीक्षकज्यूले मिति २०८२।०२।०१ मा कोशी प्रदेशका माननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्ग समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भयो। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कोशी प्रदेशका नायव महालेखापरीक्षक, निर्देशक लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

प्रतिवेदन पेश गर्दै माननीय महालेखापरीक्षकज्यूले उक्त प्रतिवेदनका प्रमुख बेहोरा माननीय प्रदेश प्रमुखज्यूलाई जानकारी गराउनु भएको थियो। माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले समयमा तोकिएका कार्यालयहरूको लेखापरीक्षण सम्पन्न गरी पेश गरेको प्रतिवेदनले कोशी प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिताको स्थिति सम्बन्धमा जानकारी प्राप्त भएको र समयमानै उक्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पठाइने उल्लेख गर्नु भयो। उक्त कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।



माननीय प्रदेश प्रमुख परशुराम खापुङ्ग समक्ष प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।



प्रतिवेदन पेश गरेपश्चात माननीय प्रदेश प्रमुख र माननीय महहालेखापरीक्षकज्यू साथमा अन्य कर्मचारीहरु।

सुदूरपश्चिम प्रदेशः

माननीय महालेखापरीक्षकज्यूले २०८२ ज्येष्ठ २ गते सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री नजिर मियाँ समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भएको छ। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम प्रदेशका नायब महालेखापरीक्षक श्री पशुपतिकुमार काफ्ले एवं प्रदेश प्रमुखको कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

माननीय महालेखापरीक्षकज्यूले प्रतिवेदनमा समेटिएको बेहोराको सार संक्षेप प्रस्तुत गर्दै महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नु भएको थियो। माननीय प्रदेश प्रमुखले महालेखापरीक्षकको कार्यालयले समयमा तोकीएका कार्यालयहरूको लेखापरीक्षण सम्पन्न गरी पेश भएको प्रतिवेदनले सुदूर पश्चिम प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता स्थिति सम्बन्धमा जानकारी प्राप्त भएको र समयमानै उक्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पठाउने विषयमा अवगत गराउनु भयो।

उक्त कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।



प्रदेश प्रमुख माननीय श्री नजिर मिया समक्ष प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

गण्डकी प्रदेशः

उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीज्यूले २०८२ ज्येष्ठ २ गते गण्डकी प्रदेशका प्रदेश प्रमुख माननीय डिल्लीराज भट्ट समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भएको छ। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी प्रदेशका नायब महालेखापरीक्षक श्री राजेन्द्रराज ओझा एवं प्रदेश प्रमुखको कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। उपमहालेखापरीक्षक अधिकारीले उक्त प्रतिवेदनमा समावेश भएको बेहोराहरुको सार संक्षेप प्रस्तुत गर्दै प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नु भएको थियो। माननीय डिल्लीराज भट्टज्यूले आर्थिक कारोबारको परीक्षण गरी आर्थिक अनुशासनको मापन गर्ने कार्य आफैंमा गहन विषय रहेको महालेखापरीक्षकको कार्यालयले प्रदेशका सबै कार्यालयहरुको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरी पेश गर्नु भएकोमा खुसी व्यक्त गर्दै प्रतिवेदनबाट प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता स्थिति सम्बन्धमा जानकारी प्राप्त भएको र समयमानै उक्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पठाउने विषयमा अवगत गराउनु भयो। कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।



प्रदेश प्रमुख माननीय डिल्लीराज भट्ट समक्ष प्रतिवेदन पेश गर्नुहुँदै उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी।

कर्णाली प्रदेशः

नायब महालेखापरीक्षक श्री राम प्रकाश महतोले २०८२ ज्येष्ठ २ गते कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय यज्ञराज जोशी समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भयो। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेशका निर्देशक श्री नृपराज जोशीको तथा प्रदेश प्रमुख कार्यालयको पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। नायब महालेखापरीक्षकले उक्त प्रतिवेदनमा उल्लिखित बेहोराको सार संक्षेप प्रस्तुत गर्दै वहाँले महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नु भएको थियो। माननीय प्रदेश प्रमुखज्यूबाट महालेखापरीक्षकको कार्यालयले समयमा तोकीएका कार्यालयहरूको लेखापरीक्षण सम्पन्न गरी पेश भएको प्रतिवेदनले प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा जवाफदेहिता सम्बन्धमा जानकारी प्राप्त भएको र समयमा नै उक्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पठाउने विषयमा अवगत गराउनु भयो। उक्त कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।



माननीय प्रदेश प्रमुख यज्ञराज जोशीसँग नायब महालेखापरीक्षक श्री राम प्रकाश महतो साथमा अन्य।

मधेश प्रदेशः

नायब महालेखापरीक्षक श्री इन्द्रप्रसाद आचार्यले २०८२ ज्येष्ठ २ गते मधेश प्रदेशका प्रदेश प्रमुख माननीय सुमित्रा सुवेदी भण्डारी समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भयो। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय मधेश प्रदेशका निर्देशक विष्णु प्रसाद खनाल तथा प्रदेश प्रमुख कार्यालयका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। नायब महालेखापरीक्षकज्यूले उक्त प्रतिवेदनमा उल्लिखित बेहोराको सार संक्षेप प्रस्तुत गर्दै जानकारी गराउनु भएको थियो। तत् प्रश्चात माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले समयमा तोकिएका कार्यालयहरूको लेखापरीक्षण सम्पन्न गरी पेश भएको प्रतिवेदनले प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता स्थिति सम्बन्धमा जानकारी प्राप्त भएको र समयमानै उक्त प्रतिवेदन मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पठाउने विषयमा अवगत गराउनु भयो। उक्त कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।

बागमती प्रदेशः

नायव महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डेले २०८२ ज्येष्ठ २ गते बागमती प्रदेशका प्रदेश प्रमुख माननीय दीपक प्रसाद देवकोटा समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भयो। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेशका निर्देशक श्री लेखप्रसाद लामिछाने एवं प्रदेश प्रमुखको कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। माननीय प्रदेश प्रमुखज्यूले ज्यूले महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेशका सबै कार्यालयहरुले लेखापरीक्षण सम्पन्न गरी मुख्य मुख्य विषय समावेश भएको प्रतिवेदन तयार गरी पेश भएकोमा खुसी व्यक्त गर्दै प्रतिवेदनबाट बागमती प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता स्थिति सम्बन्धमा जानकारी प्राप्त भएको र समयमै उक्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्रदेश सभामा पठाउने विषयमा अवगत गराउनु भयो। उक्त कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।



माननीय प्रदेश प्रमुख दीपक प्रसाद देवकोटा समक्ष प्रतिवेदन पेश गर्नुहुँदै नायव महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डे ।

लुम्बिनी प्रदेशः

नायब महालेखापरीक्षक श्री नारायण एमसीले २०८२ ज्येष्ठ २ गते लुम्बिनी प्रदेशका प्रदेश प्रमुख माननीय कृष्ण बहादुर घर्तीमगर समक्ष महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु भयो। सो अवसरमा प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बनीका प्रदेशका निर्देशक श्री रोशन दास एवं प्रदेश प्रमुखको कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। नायब महालेखापरीक्षकले उक्त प्रतिवेदनमा समावेश भएका बेहोराको सार संक्षेप माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गर्नु भएको थियो। माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले लुम्बिनी प्रदेशका सबै कार्यालयहरुको लेखापरीक्षण सम्पन्न गरी मुख्य मुख्य विषय समावेश भएको प्रतिवेदन तयार गरी पेश भएकोमा खुसी व्यक्त गर्नु भयो। प्रतिवेदनबाट प्रदेश सरकारको समग्र आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता स्थिति सम्बन्धमा जानकारी प्राप्त भएको र समयमानै उक्त प्रतिवेदन मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पठाउने विषयमा अवगत गराउनु भयो। उक्त कार्यक्रम पश्चात् सहभागीहरूको सामूहिक तस्वीर लिइएको थियो।



माननीय प्रदेश प्रमुख कृष्ण बहादुर घर्तीमगर समक्ष प्रतिवेदन पेश गर्नुहुँदै नायव महालेखापरीक्षक श्री नारायण एम.सीज्यू।

सङ्घीय तथा प्रदेश सरकारका मन्त्रालयगत अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) जारी

ज्येष्ठ २०८२

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण सम्पन्न गरेपश्चात् संघ तथा प्रदेश तहमा मन्त्रालयगत अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) जारी गरेको छ। विगत वर्षहरुमा स्थानीय तहहरुको मात्र अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी हुने गरेको थियो। यस वर्ष संघीय तहमा २३ ओटा प्रदेश तहमा ६६ वटा तथा स्थानीय तहमा विगत वर्षका बक्यौता ६ वटा समेत गरी ७५९ वटा अन्तिम प्रतिवेदन जारी गरिएका छन्।

मन्त्रालयगत प्रतिवेदन जारी भएपछि लेखाउत्तरदायी अधिकृतहरुले मन्त्रालय/निकाय र मातहतका कार्यालयहरुको लेखापरीक्षण प्रतिवेदन एकीकृत र सहज रुपमा प्राप्त गर्ने, त्यसउपर राय प्रतिक्रिया तथा सम्परीक्षणका लागि पेश गर्न सहज हुने अपेक्षा गरिएको छ।

संघीय मन्त्रालयगत, प्रादेशिक मन्त्रालयगत र स्थानीय तहका सम्पूर्ण अन्तिम प्रतिवेदनहरु पूर्ण रुपमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को प्रयोग गरी तयार गरिएको हो।

विगत वर्षहरुमा अन्तिम लेखापरीक्षण प्रतिवेदन तयार गर्दा म्यानुयल रुपमा समेत काम गर्नुपर्ने अवस्था रहेकोमा यस वर्षदेखि पुर्णरुपमा उक्त प्रणालीमा आधारित लेखापरीक्षणको अन्तिम प्रतिवेदन जारी गर्नका लागि विभिन्न चरणमा कार्यालयका कर्मचारीहरुलाई तालिम आयोजना गरिएको थियो।

अन्तिम प्रतिवेदन तयारीमा सहभागी भएका कर्मचारीहरुले यस वर्षको FAR तयारी प्रक्रिया विगत वर्षहरुको भन्दा सरल रहेकोले काममा सहजता तथा शीघ्रता भएको प्रतिकृया दिएका छन्।

सुदूरपश्चिम प्रदेशमा "नगर सुशासन, वित्तीय अनुशासन र दिगो विकास" विषयक कार्यक्रममा सहभागिता

२ जेष्ठ, २०८२

नेपाल नगरपालिका संघको आयोजनामा २०८२ जेष्ठ २ मा सुदूरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुसँग धनगढीमा सम्पन्न भएको "नगर सुशासन, वित्तीय अनुशासन र दिगो विकास" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा माननीय महालेखापरीक्ष श्री तोयम राया र नायव महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले सहभागी हुनु भएको थियो।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका नायव महालेखापरीक्षक श्री पशुपतिकुमार काफ्लेले सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरूको लेखापरीक्षण प्रतिवेदनमा रहेको मुख्य विषयवस्तुहरू सहितको प्रस्तुतीकरण गर्नुभएको थियो। प्रस्तुतीकरणका क्रममा वहाँले स्थानीय सरकारहरूमा देखिएको वित्तीय अनुशासनसम्बन्धी मुद्दा, आन्तरिक नियन्त्रण प्रणालीमा रहेका कमजोरीहरू र सोको सुधारका सम्बन्धमा सिफारिसहरु प्रस्तुत गर्नुभएको थियो।

प्रस्तुतीकरण पश्चात् सहभागीहरूबाट उठान भएका जिज्ञासा तथा कार्यालयको आगामी कार्यदिशाको सम्बन्धमा माननीय महालेखापरीक्षक श्री तोयम रायाले प्रष्ट पार्नुभएको थियो। साथै वहाँले लेखापरीक्षणको उद्देश्य, स्थानीय तहको जवाफदेहिताको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा लेखापरीक्षणले खेल्ने भूमिकाका बारेमा समेत प्रकाश पार्नुभयो।

संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय तथा विभिन्न नगरपालिकाका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कोशी प्रदेशमा "नगर सुशासन, वित्तीय अनुशासन र दिगो विकास" विषयक कार्यक्रममा सहभागिता

१९ जेष्ठ, २०८२

नेपाल नगरपालिका संघको आयोजनामा २०८२ जेष्ठ १९ मा सुदूरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुसँग बिराटनगरमा सम्पन्न भएको "नगर सुशासन, वित्तीय अनुशासन र दिगो विकास" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा माननीय महालेखापरीक श्री तोयम राया र नायव महालेखापरीक्षक श्री श्रीकुमार राई सहभागि हुनु भएको थियो।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका नायब महालेखापरीक्षक श्री श्रीकुमार राईज्युले कोशी प्रदेशका स्थानीय तहहरूको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका मुख्य विषयवस्तुहरू समेटी विशेष प्रस्तुति दिनुभयो। प्रस्तुतीकरणका क्रममा वहाँले स्थानीय सरकारहरूमा देखिएको वित्तीय अनुशासनसम्बन्धी मुद्दा, आन्तरिक नियन्त्रण प्रणालीमा रहेका कमजोरीहरू र सोको सुधारका सम्बन्धमा सिफारिस प्रस्तुत गर्नुभएको थियो। प्रस्तुतिकरण पश्चात् सहभागीहरूबाट उठान भएका जिज्ञासा तथा कार्यालयको आगामी कार्यदिशाको सम्बन्धमा माननीय महालेखापरीक्षक श्री तोयम रायाले प्रष्ट पार्नुभएको थियो।

साथै वहाँले लेखापरीक्षणको उद्देश्य, स्थानीय तहको जवाफदेहिताको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा लेखापरीक्षणले खेल्ने भूमिकाका बारेमा समेत प्रकाश पार्नुभयो।

संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय तथा विभिन्न नगरपालिकाका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

लेखापरीक्षकहरुका लागि अनवरत पेशागत शिक्षा तालिम

११ जेष्ठ, २०८२

लेखापरीक्षणमा खटिने सम्पूर्ण कर्मचारीहरुका लागि मिति २०८२।२।११ देखि विभिन्न ४ समूहमा विभाजन गरी अनवरत पेशागत शिक्षा (CPE-Continuous Professional Education) तालिम कार्यालयको सभाकक्षमा सञ्चालन गरिएको छ।

उक्त कार्यक्रमको उद्घाटन मन्तव्यका साथ कार्यालयको समग्र रणनीतिक कार्यदिशाको सम्बन्धमा निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षकज्यूले हरेक वर्ष लेखापरीक्षणमा खटिनु आगाडि वार्षिक योजना राम्रोसँग अध्ययन गर्नुपर्ने साथै लेखापरीक्षणलाई परिष्कृत र परिमार्जित बनाउन समूहगत कार्य र समन्वयमा जोड दिनुपर्ने बताउनुभयो। गत वर्ष औंल्याइएका बेहोराहरुको सुधारको स्थितिलाई समेत ध्यान दिनुपर्ने बताउनु भयो।

तालिमको विषयवस्तु तथा प्रशिक्षकहरुको विवरण देहायअनुसार छः

विषय	स्रोतव्यक्ति
उदघाटन मन्तव्य	माननीय महालेखापरीक्षकज्यू तथा उपमहालेखापरीक्षक विन्दु विष्ठ
कार्यालयको समग्र रणनीतिक कार्यदिशा (निर्देशन)	माननीय महालेखापरीक्षकज्यू
पेशागत नैतिक आचरण सम्बन्धी व्यवस्थाहरु र सोको अनुगमन	नायब महालेखापरीक्षक श्री श्रीकुमार राई
गुणस्तर व्यवस्थापन र कार्यालयले गर्नुपर्ने प्रमुख कार्यहरु (ISSAI 140 Updated)	नायब महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी निर्देशक श्री मुकुन्द घिमिरे
Auditors' Competence (ISSAI 150), Major Requirement & Emerging HR Development	नायब महालेखापरीक्षक श्री बालकृष्ण थापा
नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार भएको वित्तीय विवरणको लेखापरीक्षण र प्रतिवेदन लेखन	नायब महालेखापरीक्षक श्री घनश्याम पराजुली
सार्वजनिक खरिद (खरिद आवश्यकता निर्धारण, लागत अनुमान /स्पेशिफिकेसन तयार, खरिद योजना)	श्री कृष्णराज पन्थ, सहसचिव, भौतिक पूर्वाधार मन्त्रालय श्री मणिराम गेलाल, पूर्व सचिव
सार्वजनिक खरिद (खरिद सूचना प्रकाशन, बोलपत्र/प्रस्ताव प्राप्ती र मूल्याङ्कन तथा खरिद सम्झौता, म्याद थप, भेरिएसन अर्डर, मूल्य समायोजन, कार्य स्वीकार, खरिद सम्झौता समाप्ति)	श्री कृष्णराज पन्थ, सहसचिव, भौतिक पूर्वाधार मन्त्रालय श्री मणिराम गेलाल, पूर्व सचिव
प्रारम्भिक प्रतिवेदन लेखन सीप (लेखापरीक्षणका आधार, प्रमाण, भाषागत विषय)	निर्देशक श्री सत्यनारायण थापा
NAMS (Team Planning, Entity Management, Employee Management)	निर्देशक श्री नीर प्रसाद सुवेदी/ निर्देशक श्री विष्णु पौड्याल
NAMS (योजना/कार्यान्वयन/प्रतिवेदन/चुनौती र सुधारका क्षेत्रहरु)	निर्देशक श्री नीर प्रसाद सुवेदी/ निर्देशक श्री विष्णु पौड्याल
सार्वजनिक खरिदको लेखापरीक्षण (खरिद सूचना प्रकाशन, बोलपत्र/प्रस्ताव प्राप्ती र मूल्याङ्कन तथा खरिद सम्झौता, म्याद थप, भेरिएसन अर्डर, मूल्य समायोजन, कार्य स्वीकार, खरिद सम्झौता)	नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी
सार्वजनिक खरिदको लेखापरीक्षण (भुक्तानी प्रक्रिया, खरिद सम्पन्न\स्वीकार\सम्झौताको समाप्ती)	नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी

प्रशिक्षकहरुले मुख्यतया निम्न पद्धतिद्वारा प्रशिक्षण गर्नु भएको थियो:

- Power point presentation,
- Literature,
- Q/A,
- Interaction,
- Brain storming & Flash Card presentation.

हरेक समूहको लागि तीन दिन र १२ सेसनमा सञ्चालन गरिएको उक्त तालिम कार्यक्रमको पहिलो, दोस्रो, तेस्रो र चौथो समूहको सञ्चालन अवधि क्रमशः मिति २०८२।२।११- २१-१९ ,१३, २२-२५ र २६-२८ रहेको थियो भने सहभागी संख्या क्रमशः ११९,१२४, १०४ र १०५ रहेको थियो। सहभागीहध्ये पूर्व कर्मचारीहरुको संख्या १२ रहेको थियो। तालिमको सम्बन्धमा प्रशिक्षार्थीहरुबाट पृष्ठपोषण समेत लिईएको थियो। सहभागिको तर्फबाट SUTRA, RMIS & CGAS थप को कक्षा राख्नुपर्ने, खरिद सम्बन्धी तालिम बढाउनुपर्ने, NPSAS based वित्तीय प्रतिवेदन भए नभएको यकिन गर्न परीक्षण गर्नुपर्ने विषय तालिममा समावेश गर्नुपर्ने, लेखापरीक्षणको क्रममा आउने Issue हरुमा Problem/Issue Based तालिम गराउनु उपयुक्त हुने, सामूहिक छलफल, Refreshment, Field Visit, Group Work, Case Study जस्ता विधिहरु थप गर्ने, CPE तालिम वार्षिक रुपमा नभइ प्रत्येक डोरबाट आइ PAR जारी भएपछि दिनु पर्ने, तनाव व्यवस्थापन सम्बन्धि सेसन चलाउनु पर्ने, आर्थिक विवरण तयारी र परीक्षण सम्बन्धि सेसन चलाउनु पर्ने जस्ता पृष्ठपोषण प्राप्त भएका छन्।

नीति, योजना, जनशक्ति विकास र अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालयबाट सञ्चालित उक्त कार्यक्रमको सहजीकरण कार्य निर्देशक जगन्नाथ घिमिरे र लेखापरीक्षण अधिकारी अनिता थापामगरले गर्नुभएको थियो।

सार्वजनिक संस्थानका लेखापरीक्षकहरुसँग अन्तक्रिया

२६ जेष्ठ, २०८२

नेपालको संविधानको धारा २४१ बमोजिम नियुक्त सार्वजनिक संस्थानका लेखापरीक्षकहरुसँग महालेखापरीक्षकको कार्यालयमा मिति २०८२।०२।२६ मा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले सार्वजनिक संस्थानको लेखापरीक्षण र यस सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको अपेक्षा सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो। यसै सन्दर्भमा उहाँले सबै लेखापरीक्षकले यस कार्यालयबाट जारी निर्देशनलाई पालना गर्नुपर्ने, लेखापरीक्षण गर्दा वित्तीय लेखापरीक्षणका साथै कार्यदक्षता, सुशासन लगायतका पक्षलाई पनि ध्यान दिनुपर्ने, संस्थामा हुने खरिद व्यवस्थापन प्रचलित कानून बमोजिम भएनभएको, अन्तिम प्रतिवेदन जारी गर्नुपूर्व महालेखापरीकलाई जानकारी गराउनुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभएको थियो। लेखापरीक्षण सम्पन्न गर्ने तर्फ मात्र ध्यान नदिई यसले संस्थानको विकासमा कस्तो योगदान दियो भन्ने तर्फ पनि ध्यान दिन आग्रह गर्नुभयो। यसका साथै उहाँले सर्वजनिक संस्थानको लेखापरीक्षणलाई पनि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने प्रयास भइरहेको विषय पनि जानकारी गराउनुभएको थयो।

छलफलका क्रममा सार्वजनिक संस्थानका लेखापरीक्षकहरुले लेखापरीक्षण शुल्क निर्धारण परामर्श सेवाबाट खरिद गरी कायम खरिद गर्नुपर्ने, संस्थानहरुको विविधताका कारण प्रणालीमा आबद्ध गर्न थप गृहकार्य गर्नुपर्ने, NAMS प्रणालीमा आवद्ध गर्दा भाषागत विषयमा पनि ध्यानदिनुपर्ने लगायताका सुझाव दिनुभएको थियो। यसै क्रममा महालेखापरीक्षकको कार्यालयले सार्वजनिक संस्थानको लेखापरीक्षणलाई पनि NAMS प्रणालीमा आबद्ध गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो।

माननीय महालेखापरीक्षकज्यूले धारणा राख्ने क्रममा सार्वजनिक संस्थानको लेखापरीक्षक महालेखापरीक्षकको कार्यालयको सहयोगी भूमिकामा हुने भएकोले लेखापरीक्षण शुल्क निर्धारण परामर्श खरिदबाट गर्नुनपर्ने बताउनुभयो। यस पटक नेपाल सरकारको शतप्रतिशत शेयर स्वामित्व भएका सार्वजनिक संस्थालाई मात्र NAMS प्रणालीमा आबद्ध गरिने विषय जानकारी गराउनुभयो। अर्को वर्ष कार्यमूलक, संस्थान र सरकारी निकायको छुट्टाछुट्टै प्रतिवेदन जारी गर्ने तर्फ पनि सोंच रहेको बताउनुभयो। त्यस्तै खरिदको विषयमा लेखापरीक्षक सजग रहनुपर्ने, आय-व्ययको विवरण दुरुस्त देखिने गरी परीक्षण गर्नुपर्ने जस्ता विषयमा ध्यान दिन आग्रह गर्नुभयो। संस्थानको लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन यस पटकबाट संस्थानको प्रतिनिधिको उपस्थितिमा चेकलिष्ट टिम मार्फत चेकलिष्ट तयार गरिने, हरेक संस्थानको लेखापरीक्षणको लागि यस कार्यालयबाट Focal person तोकिने कुरा पनि उल्लेख गर्नुभयो।

कार्यक्रममा यस कार्यालयका उच्च पदस्थ कर्मचारीहरु लगायत अन्य कर्मचारी तथा सार्वजनिक संस्थानहरुको लेखापरीक्षणका लागि नियुक्ति गरिएका ८० जना व्यवसायक लेखापरीक्षकहरुको उपस्थिति रहेको थियो।



अन्तरक्रियामा सहभागीहरु।

लेखा प्रणालीमा प्रयोग हुने सफ्टवेयर सम्बन्धी तालिम

२९ जेष्ठ, २०८२

महालेखपरीक्षकको कार्यालयमा मिति २०८२।२।२९ मा लेखाप्रणालीमा प्रयोग भईरहेका TSA/CGAS/RMIS/FMIS/PAMS प्रणालीको प्रयोग सम्बन्धी एक दिने तालिम सम्पन्न भएको थियो। तालिम कार्यक्रमको उद्घाटन शासकीय लेखापरीक्षण विभाग प्रमुख एवं उप महालेखापरीक्षक श्री बिन्दु विष्टबाट भएको थियो।

यस कार्यालयबाट लेखापरीक्षण गर्नुपर्ने क्षेत्र व्यापक रहेको र लेखापरीक्षण गर्नु अघि लेखापरीक्षण गरिने निकाय तथा कार्यालयहरुमा प्रयोग गरिने विभिन्न प्रकारका सफ्टवेयर/प्रणालीका बारेमा जानकार गराई समग्र लेखापरीक्षण प्रणालीमा गुणस्तरीयता, सक्षमता, विश्वसनीयता तथा संस्थागत क्षमतामा अभिवृद्धि गराउनु नै कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो। मुख्य गरी स्थानीय तह लेखापरीक्षण निर्देशनालयमा कार्यरत कर्मचारीहरु र बाँकी अन्य निर्देशनालयका कर्मचारीहरु समेत तालिमका लक्षित समूहका रुपमा थिए।

कार्यक्रममा स्रोत व्यक्तिको रुपमा महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रकहरु श्री यज्ञ ढकाल र श्री रामचन्द्र शर्मा तथा लेखापाल श्री पवन महतो रहनुभएको थियो। उहाँहरुले लेखा प्रणालीमा प्रयोग हुने सफ्टवेयरको प्रयोग गर्ने तरिका, लेखाङ्कन गर्ने तरिका र प्रतिवेदनका विषयवस्तुका बारेमा जानकारी गराउनु भएको थियो। प्रशिक्षकहरुले निम्न पद्धतिद्वारा प्रशिक्षण दिनु भएको थियो :

- Power point presentation,
- Literature,
- Q/A,
- Interaction,

कार्यक्रम विवरण देहाय बमोजिम रहेको थियो:

प्रशिक्षार्थीहरुबाट प्रयोगात्मक कक्षाको संख्या बढाउनुपर्ने, तालिमको अवधि बढाउनुपर्ने, फिल्डमा काम गर्दा सिस्टममा आउने चुनौतीहरुलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा केन्द्रित भए तालिम अझ प्रभावकारी हुने जस्ता पृष्ठपोषण प्राप्त भएका छन्।

नीति, योजना, प्रतिवेदन, जनशक्ति विकास र अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालयद्वारा सञ्चालित उक्त तालिम कार्यक्रममा ४ वटा सेसन संचालन गरिएको थियो भने ९६ कर्मचारीहरुको सहभागिता रहेको थियो।

शेसन	विषय	स्रोतव्यक्ति
	उद्घाटन मन्तव्य	शासकीय लेखापरीक्षण विभाग प्रमुख
१	SUTRA को सैद्धान्तिक पक्ष, वित्तीय विवरण (२७०) तथा अनुसूचीहरु	उ.म.नि.श्री यज्ञ ढकाल/ ले.पा. श्री पवन महतो
२	SUTRA को व्यवहारिक पक्षहरु	उ.म.नि. श्री यज्ञ ढकाल/ ले.पा. श्री पवन महतो
३	TSA/CGAS/RMIS/FMIS/PAMS का सैद्धान्तिक एवं व्यवहारिक पक्ष	उ.म.नि. श्री रामचन्द्र शर्मा
४	TSA/CGAS/RMIS/FMIS/PAMS का सैद्धान्तिक एवं व्यवहारिक पक्ष	उ.म.नि. श्री रामचन्द्र शर्मा



तालिमका सहभागीहरु।

अभिमुखीकरण कार्यक्रम

३ असार, २०८२

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान तथा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट सञ्चालित अधिकृतस्तरीय सेवा प्रवेश तालिम सम्पन्न गरी यस कार्यालयमा हाजिर भएका २३ जना लेखापरीक्षण अधिकारीहरुका लागि मिति २०८२।३।३ मा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कर्यालयका निर्देशक श्री नीर प्रसाद सुवेदीले त्रिभुवन विश्वविद्यालयको बक्यौता लेखापरीक्षण लागि नवनियुक्त लेखापरीक्षण अधिकारीहरुलाई पनि खटाइएकोले यो कार्यक्रम राखिएको बताउनुभयो। यसै क्रममा वहाँले कार्यालयको समग्र कार्यपद्धतिका बारेमा जानकारी गराउनु भएको थियो। वहाँले लेखापरीक्षण गर्दा Criteria, Condition, Cause, Consequences र Corrective action (5C) लाई आधार मान्नु पर्ने बताउनुभयो। विश्विद्यालयको लेखा श्रेस्तामा वासलात, नाफा-नोक्सान, प्राप्ति तथा भुक्तानी लगायतका वित्तीय विवरण हुनेभएकोले गहन अध्ययन गरी परीक्षण गर्न आग्रह गर्नुभयो। हाल प्रचलनमा रहेको NAMS का बारेमा पनि जानकारी दिनुभयो। NAMS प्रणालीबाट काम गर्दा सर्वप्रथम लेखापरीक्षण योजना अनुसार टोली गठन गरिने, सोही टोलीले कार्यस्थमा गई प्रवेश बैठक, लेखापरीक्षकण कार्य र बहिर्गमन बैठक राखी काम गर्नुपर्ने उल्लेख गर्दै वहाँले कार्यालयले यो प्रणाली २०७७/७८ बाट लागू गरेकोले यस भन्दा अगाडिको श्रेस्ताको लेखापरीक्षण भने म्यानुअल रुपमा गर्नुपर्ने बताउनुभयो।

सामाजिक सेवा लेखापरीक्षण महानिर्देशनालयका नायब महालेखापरीक्षक श्री शंकरप्रसाद पन्थीले सहभागीहरुलाई निर्देशन दिनुहुँदै आम्दानी र खर्चको यथार्थता सम्बन्धमा सजगतापूर्वक परीक्षण गर्नुपर्ने बताउनुभयो। साथै वहाँले प्राध्यापकहरुले अध्यापन गरेको समय अद्यावधिक भएनभएको, धरौटी खाता, स्वतन्त्र विद्यार्थीले यूनियनले गर्ने खर्च स्रोत, ठेक्काको विषय, सटर भाडा, औषधी खरिद लगायतका कारोबारको समेत राम्रोसँग लेखापरीक्षण गर्नुपर्ने विषयमा जोड दिनुभयो। आवश्यकता अनुसार स्थलगत अवलोकन गर्न समेत जोड दिँदै वहाँले कार्यक्रमको समापन गर्नुभएको थियो।



अभिमुखीकरण कार्यक्रममा सहभागी हनुभएका नव प्रवेशी लेखापरीक्षण अधिकारीहरु।

लेखापरीक्षण सल्लाहकार समितिको बैठक

२ असार, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको संयोजकत्वमा गठित लेखापरीक्षण सल्लाहकार समितिको बैठक मिति २०८२।३।५ मा कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ। उक्त बैठकमा महालेखापरीक्षकको कार्यालयले जारी गरेको आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रतिवेदन, रणनीतिक योजन (२०८२।०८६-८३।८७), वार्षिक लेखापरीक्षण योजना, २०८२, कार्यमूलक लेखापरीक्षण योजना लगायतका एजेण्डामाथि छलफल भएको थियो।

कार्यालयको गतिविधिका बारेमा जानकारी गराउँदै उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले कार्यालयले हाल नेपाल टेलिभिजनको सहकार्यमा सुशासन सवाल कार्यक्रम सञ्चालन गरिरहेको र उक्त समितिका सदस्यहरुको सहभागिताको समेत अपेक्षा राखेको बताउनुभयो। त्यसैगरी कार्यान्वयको चारणमा रहेको रणनीतिक यजनाले स्वतन्त्रता र कानुनी अख्तियारी अभिवृद्धि गर्ने, संगठनात्मक संरचना सुदृढ बनाउने, लेखापरीक्षण प्रविधिमा लाभ उपयोग गर्ने, कर्मचारीमा पेशागत सक्षमता अभिवृद्धि गर्ने, सरोकारवालाहरुसँगको समन्वय र सहकार्य प्रभावकारी बनाउने विषयमा जोड दिएको समेत उल्लेख गर्नुभयो।

समितिका सदस्यहरुले रणनीतिक योजना उत्कृष्ट रहेको, प्रदेशमा कार्यालय स्थापना प्रयास स्वागतयोग्य भएको, कार्यालयको कार्यसम्पादनस्तर वृद्धि हुँदैगएको बताउँदै MTEF लाई समेत ध्यानमा राखेर लेखापरीक्षण गर्नुपर्ने, सबै कर्मचारीहरुबीच समय समयमा छलफल तथा अन्तर्क्रिया गर्नुपर्ने, महालेखा नियन्त्रक कार्यालयको Software सँग NAMS लाई जोड्नुपर्ने, AI को प्रयोगलाई कुनहदसम्म प्रयोग गर्ने भन्ने सम्बन्धमा विचार गर्नुपर्ने, तीनै तहको योजनामा Duplication हुनेगरेकोले सो विषयलाई ध्यानदिनु पर्ने, वार्षिक लेखापरीक्षण प्रतिवेदनको आकारलाई कम गर्नुपर्ने, लेखापरीक्षणबाट औंल्याइने बेरुजुहरुमा एकरुपता र विश्वासनीयता हुनुपर्ने जस्ता सुझावहरु दिनुभएको थियो।

सम्बोधनका क्रममा माननीय महालेखापरीक्षकज्यूले MTEF का विषयमा उठान गर्दा निकायको खर्च बढ्ने देखिएकोले यस विषयलाई उठान नगरिएको बताउनु भयो। साथै कार्यालयको काममा आधुनिक प्रविधिको प्रयोगलाई महत्व दिईएको समेत बताउनुभयो। कार्यक्रमको समापनका क्रममा अमूल्य सुझाव प्रदान गर्नु भएकोमा सबैलाई धन्यवाद दिनुभयो।



सहल्लाहकार समितिका सदस्यहरु लगायत कार्यालयका पदाधिकारीहरु।

महालेखापरीक्षकको कार्यालयको पाँचौ रणनीतिक योजना (२०८२।८६-२०८३।८७) स्वीकृत

१२ असार, २०८२

महालेखापरीक्षकको कार्यालयको पाँचौ रणनीतिक योजना (२०८२।२०८६-८३।८७) मिति.२०८२।०३।१२ मा माननीय महालेखापरीक्षक तोयम रायाज्यूले स्वीकृत गर्नुभएको छ। यस कार्यालयले आगामी पाँच वर्षमा सम्पादन गर्ने क्रियाकलापलाई समेटी तयार पारिएको उक्त रणनीतिक योजानमा पृष्ठभूमि, रणनीतिक योजनाको औचित्य, कार्य पद्धति, रणनीतिक योजना २०२१—२०२५ को मूल्याङ्कन, क्षेत्रगत (Domain-wise) विद्यमान अवस्था, स्वतन्त्रता तथा कानुनी संरचना, आन्तरिक सुशासन तथा नैतिकता, लेखापरीक्षण गुणस्तर तथा प्रतिवेदन, वित्तीय व्यवस्थापन, सम्पत्ति तथा सहायक सेवा, मानव संसाधन तथा तालिम, सञ्चार तथा सरोकारवालासँग अन्तरक्रिया, समकक्षी पुनरावलोकन (Peer Review) २०२१ को नतिजा, बाह्य वातावरणको परीक्षण, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती (SWOT) को विश्लेषण, दूरदृष्टि (VISION) तथा गन्तव्य (MISSION), मूल्य मान्यताहरू, रणनीतिक सवालहरू, रणनीतिक लक्ष्य (Goals) र उद्देश्यहरू, कार्यान्वयन योजना र कार्यान्वयन तालिका, स्रोत व्यवस्था, कार्यान्वयन र अनुगमन व्यवस्था र नतिजा खाकाहरू समावेश गरिएकन छन्। यस अन्तर्गत भने तीन वटा अनुसूचीहरु रहेका छन्। यस योजनाका रणनीतिक लक्ष्य र उद्देश्यहरु निम्न रहेका छन्-

लक्ष्य १ : स्वतन्त्रता र कानुनी अख्तियारी (Mandate) अभिवृद्धि गर्ने

उद्देश्य १.१ : लिमा तथा मेक्सिको घोषणापत्र अनुरूप पर्याप्त र व्यापक अख्तियारी सुनिश्चित गर्ने।

उद्देश्य १.२ : वित्तीय तथा प्रशासनिक (बजेट तथा मानव संसाधन व्यवस्थापन) स्वायत्तता सुदृढ गर्ने।

लक्ष्य २ : सङ्गठनात्मक संरचना सुदृढ बनाउने र आन्तरिक सुशासनमा सुधार गर्ने

उद्देश्य २.१ : कार्यालयको पुनर्संरचना गर्ने।

उद्देश्य २.२ : आचारसंहिता र आन्तरिक नियन्त्रणको कार्यान्वयनलाई थप सुदृढ गर्ने।

उद्देश्य २.३ : योजना प्रक्रिया (रणनीतिक योजना, रणनीतिक लेखापरीक्षण योजना र वार्षिक लेखापरीक्षण योजना) मा सुधार गर्ने।

उद्देश्य २.४ : भौतिक पूर्वाधार र सुविधाहरू सुदृढीकधरण गर्ने।

उद्देश्य २.५ : कार्यालय कार्यविधि तथा यान्त्रीकरणमा सुधार गर्ने।

लक्ष्य ३ : प्रविधिको लाभ उठाउँदै लेखापरीक्षण प्रक्रियालाई सुदृढ गर्ने

उद्देश्य ३.१ : सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी लेखापरीक्षण प्रक्रियाको कार्यकुशलता बढाउने।

उद्देश्य ३.२ : लेखापरीक्षणमा बिग डाटा, एआई, मेसिन लर्निङ्गलगायतको नवीनतम प्रविधिहरूको प्रयोगबाट लाभ लिने।

उद्देश्य ३.३ : दूर (Remote) र उपस्थिति बेगर (Faceless) को लेखापरीक्षण प्रणाली कार्यान्वयन गर्ने।

लक्ष्य ४ : पेशागत सक्षमता (Competence) अभिवृद्धि गर्ने

उद्देश्य ४.१ : पेशागत क्षमता विकास पहलहरू तर्जुमा, विकास र लागु गर्ने।

उद्देश्य ४.२ : सिकाइ (Learning) व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने।

लक्ष्य ५ : लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्ने

उद्देश्य ५.१ : लेखापरीक्षण पद्धति विकास, पुनरावलोकन र अद्यावधिक गर्नको लागि प्रणाली लागु गर्ने।

उद्देश्य ५.२ : लेखापरीक्षण पद्दति तर्जुमा र विकास गर्ने।

उद्देश्य ५.३ : लेखापरीक्षण पद्दति अद्यावधिक गर्ने।

उद्देश्य ५.४ : लेखापरीक्षण पद्दति प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने।

उद्देश्य ५.५ : अनुगमन लेखापरीक्षणको सबल प्रणालीको विकास गर्ने।

लक्ष्य ६ : सरोकारवालासँगको समन्वय र सहकार्य सुदृढ बनाउने

उद्देश्य ६.१ : सरोकारवालासँगको समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

उद्देश्य ६.२ : सरोकारवालासँग प्रभावकारी रूपमा सञ्चार गर्ने।

त्रिभुवन विश्वविद्यालयको बक्यौता लेखापरीक्षण

३० जेष्ठ, २०८२

मिति २०८२।०२।३० बाट महालेखापरीक्षक कार्यालयले लामो समयदेखि लेखापरीक्षण बक्यौता रहेको त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आङ्गिक क्याम्पस तथा निकायहरु समेत १ सय ५ वटा निकायको लेखापरीक्षणको लागि एकैसाथ निर्देशकको नेतृत्वमा १०० वटा लेखापरीक्षण टोलीलाई खटाइएको थियो। मुलुककै सबैभन्दा जेठो र ठूलो विश्वविद्यालयका रूपमा रहेको त्रिभुवन विश्वविद्यालयका कतिपय निकायले लामो समयसम्म लेखापरीक्षण गराएका थिएनन्।

त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को दफा २५ मा विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था भएपनि विश्वविद्यालय अन्तर्गतका १ सय ५ वटा निकायले लामो समयदेखि लेखापरीक्षण नगराउँदा आर्थिक सुशासन र पारदर्शितामा प्रश्न चिन्ह खडा भएको थियो।

महालेखापरीक्षकको कार्यालयले आफ्ना प्रतिवेदनमार्फत यसअघि लेखापरीक्षण नगराउने विश्वविद्यालयअन्तर्गतका निकायलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउन लगाउनुपर्ने सुझाव दिँदै आएको थियो।

माननीय महालेखापरीक्षक तोयम रायाज्यूले सरकारका सबै निकायलाई लेखापरीक्षणको दायरामा ल्याउने र आर्थिक अनुशासन कायम गर्नका लागि भूमिका निर्वाह गर्न नीति अनुसार नै त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न निकाय, संकाय र क्याम्पसहरुको विगतदेखि बाँकी रहेको लेखापरीक्षण यही आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी विभिन्न टोलीहरु खटाइएको जानकारी दिनुभयो।

लेखापरीक्षणका लागि निर्देशकको नेतृत्वमा खटिएका टोलीमा २ देखि ५ जनासम्म कर्मचारी रहेका छन्। त्रिभुवन विश्वविद्यालयअन्तर्गतका १६ वटा केन्द्रीय विभागले ८ देखि १० वर्षसम्मको लेखापरीक्षण गराएका छैनन् भने अन्य कतिपय निकायको पनि २ देखि ४ आर्थिक वर्षदेखिकै लेखापरीक्षण गर्न बाँकी रहेको थियो।

वर्ष ८, अंक २९, २०८१ आषाढ (Year 8, Issue 29 Jun/July - 2025)

महालेखापरीक्षकको कार्यालयको ६७औं वार्षिकोत्सव कार्यक्रम



वार्षिक उत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै सम्माननीय सभामुखज्यू।

१५ असार, २०८२

आषाढ १५, २०८२ मा सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा महालेखापरीक्षकको कार्यालयको ६७ औं वार्षिक उत्सव कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा सार्वजनिक लेखा समितिका सभापति माननीय ऋषिकेश पोखरेलज्यूको विशेष आतिथ्यता एवम् माननीय महालेखापरीक्षकको अध्यक्षता रहेको थियो। उक्त समारोहमा सम्माननीय सभामुखज्यू र सार्वजनिक लेखासमितिको माननीय सभापतिज्यूले शुभकामना सहितको आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो। माननीय महालेखापरीक्षकले कार्यालयको गतिविधि सहितको संक्षिप्त मन्तव्य राख्दै कार्यक्रमको समापन गर्नु भएको थियो। कार्यक्रममा उपमहालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारीले स्वागत मन्तव्य राख्नु भएको थियो।



वार्षिकउत्सव कार्यक्रममा मन्तव्य राख्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

कार्यालयको ६७ औं वार्षिकोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि घिमिरेले मुलुकमा आर्थिक सुशासन र वित्तीय पारदर्शिता कायम गर्न महालेखापरीक्षकको कार्यालयको भूमिका सहानीय र प्रभावकारी रहेको बताउनु भयो। उहाँले विभिन्न चुनौतीका बाबजुद महालेखाले देशभरका करीब ६ हजार कार्यालयको लेखापरीक्षण गर्दै आइरहेको र यसले वित्तीय सुशासन कायम राख्न उल्लेख्य भूमिका खेलेको बताउनुभयो। साथै वहाँले कामकारबाहीलाई अझै प्रभावकारी बनाउन प्रतिनिधिसभाबाट पूर्ण सहयोग र साथ रहने स्पष्ट पार्नुभयो । सभामुख घिमिरले लेखापरीक्षणलाई थप गुणस्तरीय बनाउन सोही अनुसारका नवीन नीति, योजना र कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो। कार्यक्रमका विशिष्ट अतिथि सार्वजनिक लेखा समितिका सभापति श्री ऋषिकेश पोखरेलले महालेखाले प्रभावकारी रुपमा लेखापरीक्षण गरिरहेको र महालेखापरीक्षकको कार्यालयलाई वित्तीय स्वतन्त्रता आवश्यक रहेको बताउनुभयो। उहाँले यस कार्यालयले कार्यमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने आवश्यकता समेत औंल्याउनुभयो। उहाँले सार्वजनिक लेखा समिति र महालेखाबिचको समन्वयलाई आगामी दिनमा नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता जनाउँदै महालेखालाई सुधार गर्न र अझै सशक्त बनाउन विभिन्न सातवटा सुझाव पेश गर्नुभएको थियो। जसअन्तर्गत महालेखालाई वित्तीय रुपमा स्वतन्त्र बनाउनुपर्ने, अंकमा मात्रै सीमित नभई सार्थक र व्यवहारिक सुझाव प्रदान गर्नुपर्ने, कार्यमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने, महालेखालाई प्रविधियुक्त बनाउनुपर्ने लगायत रहेका छन्। कार्यक्रममा बोल्ने प्रमुख अतिथि र विशिष्ट अतिथिले महालेखालाई अझै शक्तिशाली र स्वायत्त बनाउन जोड दिनुभएको थियो। कार्यक्रममा समापन मन्तव्य राख्दै माननीय महालेखापरीक्षक तोयम रायाले वार्षिक प्रतिवेदन तयार गर्ने नियमित कार्य बाहेक यो वर्षदेखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत सबै सङ्घीय तथा प्रदेश मन्त्रालयमा रायसहितको मन्त्रालयगत प्रतिवेदन जारी गरिएको र तीन वटै तहका सरकारको प्रारम्भिक प्रतिवेदन बाहेक ७५ हजार १९० पेजको अन्तिम प्रतिवेदन जारी गरिएको बताउनुभयो। महालेखापरीक्षक रायाले कार्यालयले रणनीतिक योजना, विभिन्न सरोकारवालासँगको पृष्ठपोषण, लेखापरीक्षणको अनुभव तथा असल अन्तर्राष्ट्रिय अभ्यास अनुसार वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका प्रकाशन गरी सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरी लेखापरीक्षण सम्पन्न गर्ने गरिएको र यस कार्यालयले सम्पादन गरेको कार्यको सम्बन्धमा अन्य देशको सर्वोच्च लेखापरीक्षण संस्थाद्वारा समकक्षी पुनरावलोकन गर्ने गरिएको जानकारी समेत दिनुभयो। उहाँले सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार गर्नुका साथै वार्षिक प्रतिवेदनको इन्फोग्राफिक्स, कार्यमूलक र सङ्गठित संस्थाको लेखापरीक्षणको छुट्टाछुट्टै प्रतिवेदन कार्यालयको



माननीय सभामुखज्यूलाई मायाको चिनव प्रदान गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

वेबसाइटमार्फत प्रकाशित गरिएको जानकारी दिनुभयो। सोको अतिरिक्त महालेखापरीक्षकले २०५९ देखि २०८१ सम्म आफ्ना २३ वटा वार्षिक प्रतिवेदनमार्फत समग्र वित्तीय अनुशासन कायम गर्न तथा सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न दिइएका सुझावहरुको सँगालो प्रकाशन गरी लोकार्पण गर्न पाउँदा कार्यालय परिवारलाई हर्ष लागेको बताउनुभयो। माननीय महालेखापरीक्षकज्यूले ६२ औं प्रतिवेदन अवधिसम्म रु.२८ अर्ब २९ करोड ४० लाख सम्परीक्षण भएको र सोमध्ये लेखापरीक्षण तथा सम्परीक्षणबाट सो वर्ष रु.१४ अर्ब ४८ करोड असुल भएको जानकारी दिँदै प्रतिवेदन अवधि पश्चात् समेत सम्परीक्षण कार्यलाई निरन्तरता दिई हालसम्म ३८ अर्ब ३१ करोड ६२ लाखको सम्परीक्षण सम्परीक्षण गरिएको स्पष्ट पार्नुभयो।

माननीय महालेखापरीक्षकज्यूले आगामी आर्थिक वर्षदेखि लागू हुनेगरी महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना (२०८२।८३—२०८६।८७) स्वीकृत गरिएको र उक्त रणनीतिको कार्यान्वयनबाट कर्मचारीहरूको व्यक्तिगत, प्रणालीगत तथा संस्थागत क्षमता अभिवृद्धि भई समग्र सार्वजनिक क्षेत्रको लेखापरीक्षण गुणस्तरमा अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। साथै उहाँले महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरुमा सक्रिय सहभागिता जनाउँदै आएको समेत स्पष्ट पार्नुभयो।

महालेखापरीक्षकज्यूले लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि वित्तीय तथा सङ्गठनात्मक स्वायत्तता समेत



सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

आवश्यक पर्ने हुँदा सोका लागि सङ्घीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त भइ रहेको र आगामी दिनमा समेत यसको निरन्तरता हुने विश्वास व्यक्त व्यक्त गर्नुभयो।

वार्षिकोत्सवको अवसरमा २५ वर्ष सेवा अवधि पूरा गरेका ६ जना कर्मचारीहरूलाई दीर्घसेवा सम्मान प्रदान गरिएको थियो भने INTOSAI अन्तर्गत IDI बाट सञ्चालित अन्तर्राष्ट्रिय स्तरको पेशागत विषयहरु Equal Future Audit (EFA), Leveraging on Technological Advancement (LOTA) र Professional Education for SAI Auditors (PESA) अध्ययन गरी सफलता हासिल गर्ने कर्मचारीलाई प्रमाणपत्र हस्तान्तरण गरिएको थियो।

लेखापरीक्षण, वित्तीय पारदर्शिता एवम् आर्थिक सुशासनका विषयमा निरन्तर रुपमा समाचार तथा लेख/ रचना प्रकाशित गरी वित्तीय सुशासनमा योगदान पुऱ्याउने सञ्चारकर्मी श्री सागर पण्डितलाई वार्षिक उत्सवको अवसरमा पुरस्कृत गरिएको थियो। यसै गरी आ.व. ८२/२०८१ मा उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालयका १० जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेहरुमा नायब महालेखापरीक्षक बालकृष्ण थापा, निर्देशकहरु दुर्गा बहादुर बस्नेत, रोशन दास, लेखापरीक्षण अधिकारीहरु दिवश शंकर अधिकारी, सत्यराज जोशी, नविन लुइटेल, कम्प्युटर अपरेटर हर्कमान गर्वुजा, लेखापरीक्षण अधिकारी अनिता कुमारी थापा, दीपक आचार्य र कार्यालय सहयोगी छन्दप्रसाद अधिकारी रहनुभएको थियो।

वार्षिकोत्सवको अवसरमा महालेखापरीक्षक कार्यालयले सम्बत् २००६ सालमा सरकारी सेवामा प्रवेश गरी २०४३ मा यसै कार्यालयबाट सेवानिवृत्त हुनु भएका यस कार्यालयका पूर्व उपमहालेखापरीक्षक श्री रामप्रसाद श्रेष्ठज्यूलाई दीर्घजीवी लेखापरीक्षण सेवा सम्मान प्रदान गरिएको थियो।

कार्यक्रममा न्यून बेरुजु हुने तथा बेरुजु रकम भन्दा बढी सम्परीक्षण गर्ने विभिन्न पालिका र लगती बेरुजु शून्य हुने एक स्थानीय तहलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

उक्त अवसरमा आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणमा देशभरका ७ सय ५३ वटा पालिकामध्ये शून्य बेरुजु कायम गर्न सफल एकमात्रै काभ्रेको महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बालाई सम्मान गरिएको थियो। त्यसैगरी यस वर्षको लेखापरीक्षण अंकको तुलनामा सबैभन्दा न्यून बेरुजु देखिएको र कायम भएको बेरुजुको तुलनामा बढी बेरुजु फस्यौंट गरी सम्परीक्षण गराउने सबै प्रदेशका एक/एक स्थानीय तहलाईसमेत प्रशंसा पत्र प्रदान गरिएको छ। यसरी प्रशंसा पत्र प्राप्त गर्ने स्थानीय तहमा कोशी प्रदेशको सोलुदुधकुण्ड नगरपालिका, सोलखुम्बु, मधेश प्रदेशको ईशनाथ नगरपालिका, रौतहट, बागमती प्रदेशको मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक, गण्डकी प्रदेशको अन्नपूर्ण गाउँपालिका, म्याग्दी, लुम्बिनी प्रदेशको पाणिनी गाउँपालिका अर्घाखाँची, कर्णाली प्रदेशको त्रिवेणी गाउँपालिका सल्यान र सुदूरपश्चिम प्रदेशको पञ्चदेवल विनायक नगरपालिका, अछाम रहेका छन्।

वार्षिकोत्सव समारोहमा संवैधानिक निकायका प्रमुखहरू, नेपाल सरकारको मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका सचिवहरु, सुरक्षा निकायका प्रमुखहरु, नेपाल चार्टर्ड एकाउण्टेट संस्था, एसोसिएसन अफ चार्टर्ड एकाउन्टेटस्, अडिटर्स एसोसिएसन अफ नेपाल, नेपाल लेखामान बोर्ड, नेपाल लेखापरीक्षणमान बोर्ड लगायत लेखापरीक्षणमा आबद्ध संस्थाका प्रमुख तथा सदस्यज्यूहरु, महालेखापरीक्षकको कार्यालयको कर्मचारीहरु तथा पूर्व कर्मचारीहरुको उपस्थिति रहेको थियो।



सम्माननीय सभामुखज्यू, सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू, माननीय महालेखापरीक्षकज्यू साथमा उप-महालेखापरीक्षकज्युहरु।

वर्ष ८, अंक २९, २०८२ आषाढ (Year 8, Issue 29 Jun/July - 2025)

६७औं वार्षिकोत्सवको उपलक्ष्यमा विविध कार्यक्रम सम्पन्न

७-१३ असार, २०८२

महालेखापरीक्षकको कार्यालयको स्थापनाको ६७औं वर्ष प्रवेशको उपलक्ष्यमा वार्षिकोत्सव समारोह मनाउन कार्यालयको मिति २०८२।२।११ को निर्णय बमोजिम उपमहालेखापरीक्षक श्री वैकुण्ठबहादुर अधिकारीको संयोजकत्वमा १५ सदस्यीय ६७औं वार्षिक मूल समारोह समिति गठन भएको थियो। मूल समारोह समितिका पदाधिकारीहरुः

१. उप-महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी – संयोजक
२. नायब महालेखापरीक्षक श्री श्रीकुमार राई – सदस्य
३. नायब महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डे – सदस्य
४. निर्देशक श्री प्रेमबहादुर मुङ्गमेन - सदस्य
५. निर्देशक श्री कल्पना अर्याल - सदस्य
६. निर्देशक श्री टीकानाथ अर्याल - सदस्य
७. निर्देशक श्री रमेश सुवेदी - सदस्य
८. निर्देशक श्री रोशन दास - सदस्य
९. लेखापरीक्षण अधिकारी श्री सरस्वती थापा - सदस्य
१०. लेखापरीक्षण अधिकारी श्री अनिता कुमारी थापा - सदस्य
११. लेखापरीक्षण अधिकारी श्री अर्जुन गिरी - सदस्य
१२. लेखापरीक्षण अधिकारी श्री गंगा कुमारी आचार्य - सदस्य
१३. लेखापरीक्षण अधिकारी श्री जयानन्द पाण्डेय - सदस्य
१४. लेखापरीक्षण अधिकारी श्री कृष्ण बहादुर खत्री - सदस्य
१५. लेखापरीक्षण अधिकारी श्री सुभाष भट्ट – सदस्य सचिव



सम्माननीयज्यूसँग वार्षिक उत्सव मूल समारोह समितिका सदस्यहरु।



सम्माननीयज्यू सहित कार्यालयका उच्च व्यवस्थापनतहका कर्मचारीहरु।

६७औं वार्षिक उत्सवको उपलक्ष्यमा देहाय बमोजिका सप्ताहव्यापी कार्यक्रमहरु कार्यक्रमहरुको आयोजना गरिएका थियोः

फूटसल प्रतियोगिताः माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको प्रमुख आतिथ्यमा मिति २०८२।३।७ गते फुटसल प्रतियोगिता शुभारम्भ भयो। महालेखापरीक्षकज्यूबाट उद्घाटन भएको उक्त प्रतियोगितामा कार्यालयका कर्मचारीहरुको ८ टोली सहभागी भएका थिए। फाईनल प्रतियोगिता २०८२।३।९ मा सम्पन्न भएको थियो। फाइनल खेलामा धिरज लिम्बुको कप्तानीमा रहेको टिम ('F') बिजेता भएको थियो।



फुटसल खेलमा सहभागी खेलाडीहरु।

प्रवचन कार्यक्रमः लेखापरीक्षण अधिकारी जयानन्द पाण्डेयबाट प्रवचन कार्यक्रममा पाल्नुहुने योगीज्यूको छोटो परिचय र स्वागत मन्तव्य सहित शुभारम्भ भएको प्रवचन कार्यक्रममा ब्रह्मकुमार राजु घलेज्यूबाट मिति २०८२।३।१० गते ११ देखि २ बजेसम्म यस कार्यालयको सातौं तलाको सभाहलमा प्रवचन प्रवचन कार्यक्रम सम्पन्न भयो। स्वागत मन्तव्य सहित शुभारम्भ भएको योग तथा प्रर्वचन कार्यक्रममा कार्यालयका कर्मचारीको उत्साहजनक उपस्थिति रहेको थियो। प्रवचन कार्यक्रममा दैनिक जीवनयापन गर्ने क्रममा सरल, स्वस्थ्य कसरी रहने, कार्यालयमा कामको सिलसिलामा तथा अन्य समयमा तनाव व्यवस्थापन, सकारात्मक सोचको विकास कसरी गर्ने भन्ने लगायतका विषय समेटिएका थिए।





प्रवचन दिनुहुँदै ब्रम्हकुमार राजु घले र सहभागीहरु।

रक्तदान: महालेखापरीक्षक श्री तोयम रायाज्यूको प्रमुख आतिथ्यमा २०८२।३।११ गते कार्यालयमा रक्तदान कार्यक्रम सम्पन्न भयो। महालेखापरीक्षकज्यूबाट बिहान ११ बजे शुभारम्भ भएको उक्त रक्तदान कार्यक्रमा कार्यालयमा कार्यरत कर्मचारीहरु मध्येबाट ५५ जनाले रक्तदान गरेका थिए। सोको सहजीकरण नेपाल रेडक्रस सोसाईटी रक्त सञ्चार केन्द्र, प्रदर्शनीमार्गका ६ जनाको टोलीले गरेको थियो। रक्तदान गर्ने कर्मचारीको विवरण तपशिल बमोजिम रहेको छ:



सक्तदानको फारम सहित रक्तदाताहरु।



रक्तदानमा सहभागी हुँदै कार्यालयका कर्मचारीहरु।

क्र. स.	नाम	पद
१	सत्यनारायण महर्जन	ह.स.चा.
२	प्रितम बागदास	लेखापरीक्षण अधिकारी
३	शिव मगर	का.स.
४	सन्तोष शर्मा सापकोटा	निर्देशक
५	श्रीराम धिमाल	निर्देशक
६	रमेश अधिकारी	लेखापरीक्षण निरीक्षक
७	टंक न्यौपाने	लेखापरीक्षण अधिकारी

क्र. स.	नाम	पद
८	गीता पन्थी	लेखापरीक्षण अधिकारी
९	सँगीता शर्मा	लेखापरीक्षण अधिकारी
१०	सुशिला चौलागाई	का.स.
११	मन्दिरा खनाल	का.स.
१२	चिरञ्जीवी रेग्मी	लेखापरीक्षण अधिकारी
१३	शंकर लामिछाने	लेखापरीक्षण अधिकारी
१४	केवलकुमार बडाल	लेखापरीक्षण अधिकारी

क्र. स.	नाम	पद
१५	रुद्र बहादुर कार्की	लेखापरीक्षण अधिकारी
१६	विनोद अर्याल	लेखापरीक्षण अधिकारी
१७	जीवन कुमार मल्ल	निर्देशक
१८	शुक्रराज तामाङ	लेखापरीक्षण अधिकारी
१९	सुनिल बस्नेत	निर्देशक
२०	दिल कुमार श्रेष्ठ	निर्देशक
२१	जयप्रकाश ठाकुर	लेखापरीक्षण अधिकारी
२२	निलम साह	लेखापरीक्षण अधिकारी
२३	टीकानाथ अर्याल	निर्देशक
२४	उमेश प्रसाद खनाल	लेखापरीक्षण अधीक्षक
२५	तिलक प्रसाद सापकोटा	निर्देशक
२६	राम कुमार शर्मा	निर्देशक
२७	राजीव बस्नेत	लेखापरीक्षण अधिकारी
२८	कलशा कुमारी भण्डारी	लेखापरीक्षण अधीक्षक
२९	रन्जु दाहाल	का.स.
३०	कृष्ण प्रसाद खनाल	निर्देशक
३१	सोनिल साह	लेखापरीक्षण अधीक्षक
३२	सन्तोष ढकाल	लेखापरीक्षण अधिकारी
३३	रामचन्द्र ओझा	निर्देशक
३४	राज कुमार बोहोरा	निर्देशक
३५	दिपक आचार्य	लेखापरीक्षण अधिकारी

क्र. स.	नाम	पद
३६	निषभ शाक्य	लेखापरीक्षण अधिकारी
३७	नारायण भट्टराई	लेखापरीक्षण अधिकारी
३८	नमुना पाण्डे	निर्देशक
३९	पवन चौधरी	ह.स.चा.
४०	खगेन्द्र लम्साल	लेखापरीक्षण अधिकारी
४१	सरस्वती थापा	लेखापरीक्षण अधिकारी
४२	रोशन दास	निर्देशक
४३	सावित्रा अधिकारी	का.स.
४४	भिम बहादुर तामाङ	लेखापरीक्षण अधिकारी
४५	हरिनारायण चौधरी	का.स.
४६	रंजित कुमार साह	लेखापरीक्षण अधीक्षक
४७	कृष्ण प्रसाद सापकोटा	क. अपरेटर
४८	विजय खड्का	क. अपरेटर
४९	दिपक कुमार मण्डल	स.क. अपरेटर
५०	मिनु चौधरी	का.स.
५१	नर बहादुर खत्री	लेखापरीक्षण अधिकारी
५२	शंकरबाबु आचार्य	लेखापरीक्षण अधिकारी
५३	भानुभक्त चापागाई	लेखापरीक्षण अधीक्षक
५४	कृष्ण चन्द्र तामाङ लामा	लेखापरीक्षण अधिकारी
५५	ललन कुमार महतो	लेखापरीक्षण अधीक्षक

हाजिरी जवाफ प्रतियोगिताः माननीय महालेखापरीक्षकज्यूको प्रमुख आतिथ्यमा २०८२।३।१२ मा हाजिरी जवाफ सम्पन्न भयो। उक्त प्रतियोगितामा ११ टोली सहभागी भएका थिए। माननीय महालेखापरीक्षकज्यूबाट पहिलो प्रश्न सोधी शुरु भएको प्रतियोगितामा लेखापरीक्षण अधिकारी श्री अशोक अर्यालय टोली नेता रहेको टीम माछापुच्छ्रे, लेखापरीक्षण अधीक्षक श्री नवीन लुईंटेल टोली नेता रहेको सगरमाथा र लेखापरीक्षण अधिकारी श्री योगेश चौधरी टोली नेता रहेको टिम मकालु क्रमशः प्रथम, द्वितीय र तृतीय भएको थियो। जनरल, रयापिड फायर, अडियो भिजुअल लगायतका चरण रहेको उक्त प्रतियोगिता लेखापरीक्षण अधिकारी श्री अर्जुन गिरीले सञ्चालन गर्नु भएको थियो।



हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुने टोली।

सम्मान तथा पुरस्कार वितरणः माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले मिति २०८२।३।१३ गते सरकारी सेवामा २५ वर्ष पूरा गरेका ६ कर्मचारीहरुलाई दीर्घ सेवा सम्मान र रक्तदानमा सहभागी ५५ जना कर्मचारीहरुलाई प्रमाण पत्र वितरण गर्नुभयो।



सम्मान तथा पुरस्कार वितरण कार्यक्रमा सहभागीहरु।

दीर्घ सेवा सम्मान पाउने कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको छः

सि.नं.	पद	नाम	क.सं.नं.	नियुक्ति मिति	सेवा अवधि
१	निर्देशक	श्री सत्यनारायण थापा	१५८३८९	२०५६।०४।०६	२५ वर्ष
२	निर्देशक	श्री रामचन्द्र पौडेल	१८२१५०	२०५६।११।०२	२५ वर्ष
३	लेखापरीक्षण अधिकारी	श्री सन्तोष विडारी	१५०४५१	२०५५।०५।२१	२५ वर्ष
४	लेखापरीक्षण अधिकारी	श्री लुम विक्रम शाह	१६२७३२	२०५६।०४।१४	२५ वर्ष
५	लेखापरीक्षण अधिकारी	श्री कृष्णबहादुर खत्री	१५७८४८	२०५६।१२।२५	२५ वर्ष
६	(हलुका सवारी चालक (पाँचौं	श्री जयकृष्ण गिरी	१६८३०८	२०५६।०४।०४	२५ वर्ष



दीर्घ सेवा सम्मान पाउने कर्मचारीलाई सम्मानपत्र प्रदान गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

मूल समारोहः २०८१ असार १५ गते सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यता एवं सार्वजनिक लेखा समितिका सभापति माननीय ऋषिकेष पोखरेलज्यूको विशेष आतिथ्यतामा मिति २०८२ साल असार १५ गते मूल समारोहको कार्यक्रम सम्पन्न भएको छ। सो कार्यक्रममा संवैधानिक निकायका प्रमुखज्यूहरू, नेपाल सरकारका मुख्य सचिवज्यू, नेपाली सेनाको प्रधानसेनापतिज्यू, सङ्घीय संसदका महासचिवज्यू, नेपाल सरकारका सचिवज्यूहरू, सुरक्षा निकायको प्रमुखज्यूहरू, पूर्व महालेखापरीक्षकज्यूहरू, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरू, कार्यालयका पूर्व उपमहालेखापरीक्षकज्यूहरू, पूर्व कर्मचारीहरू लगायत कार्यालयका सबै कर्मचारी तथा सञ्चारकर्मीहरुको समेतको उपस्थिति रहेको थियो। वार्षिकोत्सव कार्यक्रमको उद्घाटन सम्माननीय सभामुखज्यूबाट बिहान १० बजे रिमोट बटन क्लिक गरी डिजिटल रुपमा गर्नु भएको थियो। कार्यक्रममा स्वागत मन्तव्य उपमहालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीज्यूले राख्नु भएको थियो। सार्वजनिक लेखा समितिका सभापति माननीय ऋषिकेश पोखरेलज्यूले शुभकामना मतव्य राख्नु भएको थियो। त्यसैगरी सम्माननीय सभामुखज्यूले शुभकामना सहित आफ्नो मन्तव्य राख्नु भएको थियो। माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले कार्यालयको वर्तमान अवस्था एवं सरोकारवाला सबै निकायसँग वित्तीय सुशासनमा सहकार्यको अपेक्षा सहित कार्यालयको आमन्त्रणलाई स्वीकार गरी पालन हुने सबै प्रति कृतज्ञता व्यक्त गरी कार्यक्रमको समापन गर्नु भएको थियो।

महालेखापरीक्षकको कार्यालयको ६७ औं वार्षिकोत्सव समारोह को उपलक्ष्यमा कार्यसम्पादनको आधारमा छनौट भई पुरस्कृत हुने कर्मचारीहरूको विवरणः

क्र सं	पद	नाम थर
लेखापरीक्षण पुरस्कार		
१	नायब महालेखापरीक्षक	बालकृष्ण थापा
२	निर्देशक	दुर्गा बहादुर बस्नेत.
३	निर्देशक	रोशन दास
४	लेखापरीक्षण अधिकारी	दिवस शंकर अधिकारी.
५	लेखापरीक्षण अधिकारी	सत्यराज जोशी
६	लेखापरिक्षण अधीक्षक	नवीन लुइँटेल
७	कम्प्युटर अपरेटर	हर्कमान गर्वुजा

क्र सं	पद	नाम थर
लेखापरीक्षण व्यवस्थापन पुरस्कार		
८	लेखापरीक्षण अधिकारी	दिपक आचार्य
९	लेखापरीक्षण अधिकारी	अनिता कुमारी थापा
१०	कार्यालय सहयोगी	छन्द प्रसाद अधिकारी

IDI सञ्चालित Equal Future Audit (EFA), Leveraging on Technological Advancement (LOTA) र Professional Education for SAI Auditors (PESA) कोर्स पूरा गरी प्रमाणपत्र प्राप्त गर्ने कर्मचारीहको विवरण:

क्र सं	पद	नाम थर	विषयक्षेत्र
१	निर्देशक	श्री कल्पना अर्याल	EFA
२	निर्देशक	श्री सृजना रिमाल	LOTA
३	निर्देशक	श्री नमुना पाण्डे	PESA



उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरस्कृत हुने कर्मचारीहरु सम्माननीयज्यू र माननीयज्यूसाग तस्वीर खिचाउँदै।

उप महालेखापरीक्षक बामदेव शर्मा अधिकारीको विदाई

१५ असार, २०८२

यस कार्यालयका उपहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीलाई मिति २०८२।०३।१५ गते कार्यालयको ६७औं वार्षिकोत्सव समारोहमा बिदाइ गरिएको छ। मिति २०८२।०३।०६ देखि अनिवार्य अवकाश हुनुभएका श्री अधिकारीले कार्यबहाक महालेखापरीक्षकको जिम्मेवारी समेत बहन गर्नुभएको थियो। वहाँ २०५२ कार्तिक २४ मा लेखापरीक्षण अधीक्षक पदमा सेवा प्रवेश गर्नुभएको थियो।

लामो समयसम्म यस कार्यालयमा रही वहाँले पुर्‍याउनु भएको महत्वपूर्ण योगदानको स्मरण गर्दै माननीय महालेखापरीक्षक तोयम रायाज्यूले कार्यालयको तर्फबाट कदरपत्र सहित मायाको चिनो प्रदान गर्नुभएको थियो।



माननीय महालेखापरीकज्यूबाट कदरपत्र ग्रहण गर्नुहुँदै उप-महालेखापरीक्षक वामदेव शर्मा अधिकारी।

NAMS सम्बन्धी तालिम

२२ असार, २०८२

महालेखापरीक्षकको कार्यालयको सभाहलमा मिति २०८२ असार २२ मा NAMS सम्बन्धी १ दिने तालिम कार्यक्रम सम्पन्न भएको छ। कार्यालयका नवप्रवेशी कर्मचारीहरूलाई यो प्रणाली सम्बन्धी सीप प्रदान गर्दै यसको प्रयोगमा सक्षमता अभिवृद्धि गर्न यो तालिम सञ्चालन गरिएको हो।

तालिम कार्यक्रमको विवरण देहाय बमोजिम रहेको थियो:

शेसन	विषय	स्रोतव्यक्ति
	उदघाटन मन्तव्य	उप-महालेखापरीक्षक श्री विन्दु विष्ट
१	NAMS	निर्देशक श्री नीर प्रसाद सुवेदी / निर्देशक श्री विष्णु प्रसाद पौड्याल
२	NAMS	निर्देशक श्री नीर प्रसाद सुवेदी / निर्देशक श्री विष्णु प्रसाद पौड्याल
३	NAMS	निर्देशक श्री नीर प्रसाद सुवेदी / निर्देशक श्री विष्णु प्रसाद पौड्याल
४	NAMS	निर्देशक श्री नीर प्रसाद सुवेदी / निर्देशक श्री विष्णु प्रसाद पौड्याल

कार्यालयमा यस वर्ष सेवा प्रवेश गरेका लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधीक्षक, लेखापरीक्षण निरीक्षक र कम्प्युटर अपरेटर समेत उक्त तालिममा ४० जना सहभागी भएका थिए।



तालिमका सहभागीहरु।

उप महालेखापरीक्षक श्री नारायण एम.सी. लाई बधाई तथा स्वागत

असार २४, २०८२

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०३।२३ को निर्णयानुसार उप-महालेखापरीक्षक (रा.प. विशिष्ट श्रेणी) मा बढुवा हुनुभएका श्री नारायण एम.सी. लाई २०८२।३।२४ मा बधाई ज्ञापन गर्दै कार्यालयमा स्वागत गरिएको छ। यस अघि वहाँ यसै कार्यालयको प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेशको महानिर्देशनालय प्रमुखको रुपमा नायब महालेखापरीक्षक पदमा कार्यरत हुनुहुन्थ्यो।



कार्यक्रमका सहभागीहरु उप-महालेखापरीक्षक श्री नारायण एम.सी.लाई स्वागत गर्नुहुँदै।

२०८२ वैशाख देखि आषाढ मसान्तसम्म राष्ट्रिय तालिम तथा अन्य कार्यक्रममा मनोनयन तथा सहभागिताको विवरण

पद	कर्मचारीको नाम /संख्या	कार्यक्रमको नाम	आयोजक	मिति	कैफियत
निर्देशक	श्री लेख बहादुर थापा	Lunch Meeting on Nepal Fiscal Federalism Progress Tracker	वर्ल्ड बैंक नेपाल	२०८२ जेष्ठ ५	
निर्देशक	श्री रामचन्द्र ओझा	लेखा तथा जिन्सी स्रेस्ता तालिम	नेपाली सैनिक, जंगी अड्डा काठमाडौं	२०८२ जेष्ठ ५	प्रशिक्षकको रुपमा
निर्देशक	श्री रमेश सुवेदी	सूचनाको हक सम्बन्धी अन्तर्क्रिया	राष्ट्रिय सूचना आयोग	२०८२ जेष्ठ ६	
निर्देशक	श्री तिलक प्रसाद सापकोटा	बेरुजु फर्स्यौट् कार्यशाला	कारागार व्यवस्थापन विभाग, कालिकास्थान-काठमाडौं।	२०८२ जेष्ठ १२	प्रशिक्षकको रुपमा
नायब महालेखापरीक्षक	श्री श्रीकुमार राई	Orientation Program on Management and Development (Improving Portfolio Performance: OAG Perspective)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२ जेष्ठ ८ गते	प्रशिक्षकको रुपमा
निर्देशक	श्री नीर प्रसाद सुवेदी	नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) संचालन विधि, समस्या र समाधान विषयक अभिमुखीकरण कार्यक्रम	मुख्यमन्त्री तथा म.प.को कार्यालय, प्रादेशिक कार्यक्रम सहयोग ईकाई, मधेश प्रदेश	२०८२ जेष्ठ १८, १९	प्रशिक्षकको रुपमा
लेखापरीक्षण अधिकारी	श्री रामजतन ठाकुर	नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) संचालन विधि, समस्या र समाधान विषयक अभिमुखीकरण कार्यक्रम	मुख्यमन्त्री तथा म.प.को कार्यालय, प्रादेशिक कार्यक्रम सहयोग ईकाई, मधेश प्रदेश	२०८२ जेष्ठ १८, १९	प्रशिक्षकको रुपमा
निर्देशक	श्री लेख बहादुर थापा	स्थानीय तहका आन्तरिक लेखा परीक्षकहरुका लागि क्षमता विकास तालिम	सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटी	२०८२ जेष्ठ १८ देखि २० सम्म	प्रशिक्षकको रुपमा
निर्देशक	श्री अभिराज डाँगी	स्थानीय तहका आन्तरिक लेखा परीक्षकहरुका लागि क्षमता विकास तालिम	सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटी	२०८२ जेष्ठ १८ देखि २० सम्म	प्रशिक्षकको रुपमा
निर्देशक	श्री विष्णु प्रसाद पौड्याल	नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सञ्चालन विधि तथा समस्या र समाधान विषयक अभिमुखीकरण	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषा	२०८२ जेष्ठ २० देखि २३ सम्म	प्रशिक्षकको रुपमा
लेप अधिकारी	श्री अशोक अर्याल	नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सञ्चालन विधि तथा समस्या र समाधान विषयक अभिमुखीकरण	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषा	२०८२ जेष्ठ २० देखि २३ सम्म	प्रशिक्षकको रुपमा

पद	कर्मचारीको नाम / संख्या	कार्यक्रमको नाम	आयोजक	मिति	कैफियत
नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	लेखापरीक्षणको सैद्धान्तिक तथा व्यवहारिक पक्ष र भ्रष्टाचारसंगको सम्बन्ध	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल	२०८२ जेष्ठ २२ गते	प्रशिक्षकको रुपमा
निर्देशक	श्री नीर प्रसाद सुवेदी	NAMS अभिमुखीकरण तालिम	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार	२०८२ जेष्ठ २२ गते	प्रशिक्षकको रुपमा
विभिन्न (पहिलो समूह)	११९	अनवरत पेशागत विकास तालिम	महालेखापरीक्षकको कार्यालय	२०८२ जेष्ठ ११ देखि १३	३ पूर्वकर्मचारीहरु
विभिन्न (दोस्रो समूह)	१२४	अनवरत पेशागत विकास तालिम	महालेखापरीक्षकको कार्यालय	२०८२ जेष्ठ १९ देखी २१	४ पूर्वकर्मचारीहरु
विभिन्न (तेस्रो समूह)	११७	अनवरत पेशागत विकास तालिम	महालेखापरीक्षकको कार्यालय	२०८२ जेष्ठ २२ देखि २५	७ जना पूर्वकर्मचारीहरु
विभिन्न (चौथो समूह)	१०८	अनवरत पेशागत विकास तालिम	महालेखापरीक्षकको कार्यालय	२०८२ जेष्ठ २६ देखि २८ सम्म	३ जना पूर्वकर्मचारीहरु
निर्देशक	श्री नीर प्रसाद सुवेदी	NAMS संचालन सम्बन्धमा।	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार	२०८२ आषाढ ४	प्रशिक्षकको रुपमा
निर्देशक	श्री विष्णु प्रसाद पौड्याल	NAMS संचालन सम्बन्धमा।	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार	२०८२ आषाढ ४	प्रशिक्षकको रुपमा
नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	SEDP Rountable Discussion छलफलमा सहभागी सम्बन्धमा।	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२ आषाढ ९	
निर्देशक	श्री भीम प्रसाद रिजाल	नवनियुक्त उपसचिवहरुका लागि अभिमुखीकरण तालिम।	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२।३।१० देखि ५ दिन	
निर्देशक (कानून)	श्री अन्जनी कुमार घिमिरे	कानून तर्जुमा सम्बन्धी तालिम	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानून तथा फैसला कार्यान्वयन महाशाखा)	२०८२।३।१० देखि२०८२ ३।१२	
नायब महालेखापरीक्षक	श्री हुमनाथ सुवेदी	Improving Portfolio Performances: Issues and Challenges (OAG Perspectives)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२ आषाढ १३	प्रशिक्षकको रुपमा
विभिन्न कर्मचारीहरु	९६	TSA\CGAS\SUTRA सम्बन्धी १ दिने तालिम	महालेखापरीक्षकको कार्यालय	२०८२ जेष्ठ २९	विभिन्न कर्मचारीहरु
निर्देशक	श्री कमलराज अर्याल	Merit point Workshop on Transport Project	ADB	जुन २६, २०२५	निर्देशक
लेखापरीक्षण अधिकारी	श्री विनोद पाठक	Merit point Workshop on Transport Project	ADB	जुन २६, २०२५	लेखापरीक्षण अधिकारी
निर्देशक	श्री दिल कुमार श्रेष्ठ	Effective Mobilization of External Resources	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८२ आषाढ १९	निर्देशक
विभिन्न	४०	नवनियुक्त लेखापरीक्षकहरुका लागि १ दिने NAMS सम्बन्धी तालिम	महालेखापरीक्षकको कार्यालय	२०८२ आषाढ २२	

२०८२ वैशाख देखि आषाढ मसान्तसम्म अन्तर्राष्ट्रिय तालिम तथा अन्य कार्यक्रममा मनोनयन तथा सहभागिताको विवरण

पद	कर्मचारिको नाम	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	भ्रमण गरेको देश	मिति
नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	Forum of INTOSAI Professional Pronouncement (FIPP) Meeting	मिटिङ	नयाँदिल्ली, भारत	मे ६-९, २०२५
निर्देशक	श्री थवराज अधिकारी	ASOSAI seminar on Audit on Public Debt	सेमिनार	नानजिङ, चीन	२०२५ मे, २६-३०
निर्देशक	श्री दिनेश मिश्र	ASOSAI seminar on Audit on Public Debt	सेमिनार	नानजिङ, चीन	२०२५ मे, २६-३०
नायब महालेखापरीक्षक	श्री घनश्याम काफ्ले	WGSOEA Inaugural meeting	अन्तर्क्रिया	मलेशिया	मे २६-२८, २०२५
नायब महालेखापरीक्षक	श्री लोकनाथ घिमिरे	WGSOEA Inaugural meeting	अन्तर्क्रिया	मलेशिया	मे २६-२८, २०२५
निर्देशक	श्री शैलेन्द्र कुमार भुषाल	Anti-corruption seminar for Belt and Road Countries	सेमिनार	चीन	जुन २६-जुलाई १०, २०२५

पद	कर्मचारिको नाम	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	भ्रमण गरेको देश	मिति
निर्देशक	श्री रघुपति महत	Seminar on Anti-Corruption measures and practices for Nepal	सेमिनार	चीन	जुलाई१४-जुलाई २७, २०२५
निर्देशक	श्री योग्य प्रसाद राई	Seminar on Anti-Corruption measures and practices for Nepal	सेमिनार	चीन	जुलाई१४-जुलाई २७, २०२५
निर्देशक	श्री मन्जु पन्थी	बिमस्टेक सचिवालयको आ.व.२०१६-२०१७ को लेखापरीक्षण	लेखापरीक्षण	बंगलादेश	२०२५ जुन महिना भित्र
निर्देशक	श्री सुशिलराज खनाल	Government Accounting & Financial Management	तालिम	भारत	२०२५ जुन १६-२७
निर्देशक	श्री जानकी भण्डारी	Government Accounting & Financial Management	तालिम	भारत	२०२५ जुन १६-२७

२०८२ बैशाख देखि आषाढसम्म खुल्ला प्रतिष्पर्धात्मक परीक्षाबाट नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१	निर्देशक	श्री सुनिल बस्नेत	२०८२/०१/३१
२	निर्देशक	श्री भिम प्रसाद रिजाल	२०८२/०२/३०

२०८२ बैशाख देखि आषाढसम्म अवकास भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	अवकाश मिति
१	निर्देशक	श्री लक्ष्मण आचार्य	२०८२/०२/०३
२	निर्देशक	श्री चेत बहादुर पण्डित	२०८२/०२/०५
३	निर्देशक	श्री रमेश नेपाल	२०८२/०२/१५
४	निर्देशक	श्री किशोर पाण्डे	२०८२/०२/२१
५	उपमहालेखापरीक्षक	श्री बामदेव शर्मा अधिकारी	२०८२/०३/०६
६	लेखापरीक्षण अधिकारी	श्री कृष्ण प्रसाद दाहाल	२०८२/०३/१५

२०८२ बैशाख देखि आषाढसम्म जेष्ठता, कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतिष्पर्धात्मक परीक्षाबाट बढुवा नियक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१	लेखापरीक्षण अधीक्षक	श्री बद्धिनाथ पौडेल	२०८२/०१/०२
२	लेखापरीक्षण अधिकारी	श्री विजया खतिवडा	२०८२/०३/३०
३	लेखापरीक्षण अधिकारी	श्री नन्द प्रसाद पाण्डे	२०८२/०३/३०
४	लेखापरीक्षण अधिकारी	श्री अमृत पौडेल	२०८२/०३/३०
५	लेखापरीक्षण अधिकारी	श्री तिर्सना गोदार	२०८२/०३/३०

२०८२ बैशाख देखि आषाढसम्म रमाना भई गएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१	कम्प्यूटर अधिकृत	श्री दिपक पौडेल	२०८२।०२।०५
२	जुनियर इलेक्ट्रीसियन	श्री गणेश प्रसाद सिलवाल	२०८२।०२।०७
३	लेखापरीक्षण निरीक्षक	श्री भरत खड्का	२०८२।०२।११
४	लेखापरीक्षण अधिकारी	श्री रस्मिता सिंखडा	२०८२।०२।११
५	सहायक कम्प्यूटर अपरेटर	श्री लाल बाबु महतो	२०८२।०३।०५
६	सहायक कम्प्यूटर अपरेटर	श्री रंजिता कुमारी	२०८२।०३।०५